किसान अधिकारप्रति समर्पित

## राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल

## National Farmer Group Federation, Nepal




# वार्षिक सङ्गालो

(२०७७-७८)

**(आठौं सामाजिक लेखाजोखाका अवसरमा प्रकाशित)**


"किसान अधिकार प्रति समर्पित"
उखु किसान संघर्ष समितिको आन्दोलन प्रति एक्यवद्
राष्ट्रिय कृषक समूह महासंघ, नेपाल
NEPAL POLICE
REDMI NOTE 8 PRO
SHRUTI




साना किसानको सवाल विषयक अन्तरक्रिया
एवं
जिल्ला तदर्थ समिति गठन

## हार्दिक आभार

जन्मँदै आफ्नो पेशागत हक/अधिकार सुनिश्चिततताको परिकल्पना लिएर स्थापना भएको राष्ट्रिय कृषक समूह महासङ्घ नेपालले दशौँ वर्षगाँठ मनाइसकेको छ ।

आफ्नो अधिकार खोजी गर्नेले आफूभित्रका सुशासन, जवाफदेहिता, पारदर्शिता र मितव्ययिता भुल्नुहुन्न । यस विषयमा महासङ्घ सचेत छ । यिनलाई सुनिश्चित गर्ने धेरै रणनीतिमध्ये सामाजिक लेखाजोखा पनि एउटा हो । त्यसैले महासङ्घले आफ्नो स्थापनाको छोटो अवधिमा सात वटा सामाजिक लेखाजोखा सम्पन्न गरिसकेको छ र यतिखेर आठौँ लेखाजोखाको सङ्घारमा छ । यसअघिका लेखाजोखाले काममा उत्प्रेरित गरेको र जवाफदेही बन्न सजग गराएकाले नै महासङ्घले यसलाई निरन्तरता दिएको हो ।

महासङ्घले सामाजिक लेखाजोखालाई कार्यक्रमको उपलब्धि र आर्थिक विवरण सार्वजनिक गर्ने प्रकृयामात्र बुझेको छैन । यो संस्थाको लक्ष्य, मूल्य/मान्यता र रणनीतिसमेत परीक्षण गराउने महत्वपूर्ण मौका हो । सामाजिक लेखाजोखा एउटा क्रियाकलापको घटनामात्र नभई वास्तवमा एउटा त्यस्तो प्रक्रिया हो जसले जवाफदेही र पारदर्शिता प्रवर्धन गर्छ । संस्थाभित्रको सामाजिक र नैतिक योग्यता पनि जाँच गर्छ ।

आफ्ना विविध अप्ठ्यारालाई थाती राखी महासङ्घको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित भई महत्वपूर्ण सुझाव दिनुका साथै महासङ्घलाई सजग बनाई यहाँसम्म पुग्न सहयोग गर्नुहुने सम्पूर्ण महानुभावप्रति कृतज्ञता व्यक्त गर्छु ।

विगत वर्षहरूझैँ यस वर्ष पनि यहाँहरूको रचनात्मक सल्लाह/सुझावको अपेक्षा गरेको छु । साथै महासङ्घको आगामी यात्रा पनि त्यसैका आधारमा तय गर्ने विश्वास दिलाउन चाहन्छु ।

जय किसान

नवराज बस्नेत
अध्यक्ष

# विषय सूची

पृष्ठभूमि

खण्ड क

१. छैटौँ सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण

  क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि

  ख. सुझाव, प्रतिबद्धता र प्रयास

२. आ.व. २०७६/७७ प्रगति समीक्षा

  क. अभियानगत प्रगति विवरण

  ख. आर्थिक विवरण

३. महासङ्घको प्रतिबद्धता

४. छैटौ सामाजिक लेखाजोखाको खर्च विवरण

खण्ड ख

१. सातौ सामाजिक लेखाजोखाको संक्षेपिकरण

  क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि

  ख. सुझाव, प्रतिबद्धता र प्रयास

२. आ.व. २०७७/७८ प्रगति समीक्षा

  क. अभियानगत प्रगति विवरण

  ख. आर्थिक विवरण

३. महासङ्घको प्रतिबद्धता

४. सातौ सामाजिक लेखाजोखाको खर्च विवरण

खण्ड ग

१. महासङ्घको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा

२. छापामा महासङ्घ

# पृष्ठभूमि

नेपाल कृषिप्रधान देश हो । करिब दुईतिहाइ जनताको पेशा कृषि भएर पनि देश कृषिमै आत्मनिर्भर हुनकेको छैन । उत्पादनका लागि अत्यावश्यक मल, बीउ, प्रविधि, उपकरणलगायतका पूर्वाधारमा देश आत्मनिर्भर हुनुको सट्टा दिन/प्रतिदिन परनिर्भर बन्दै गइरहेको छ । कृषिलाई सम्मानित पेशाका रूपमा स्थापित गराउन नसक्दा एकातिर युवा जनशक्ति विदेश पलायन भएको छ भने अर्कोतिर कृषि क्षेत्र महिला तथा वृद्धवृद्धाको जिम्मामा पुगेको छ । फलस्वरूप उत्पादनयोग्य जमिन बाँझो रहने र खरबौँ रुपियाँको कृषिजन्य उत्पादन आयात गर्नुपर्ने अवस्थामा मुलुक पुगेको छ । यसको दोषी को ? अथाह सम्भावनाबीच पनि कृषि क्षेत्रको अवस्था झन् दयनीय बन्दै जानाले यसमा अहोरात्र खटिने कृषक जति चिन्तित छन् त्यति चिन्तित यहाँका जिम्मेवार निकाय हुन सकेका छैनन् । मुख्य चिन्ताको विषय यही हो ।
परम्परादेखि मुलुकको आर्थिक एवं सामाजिक उन्नति र समग्र विकासमा अत्यन्त महत्वपूर्ण एवं संवेदनशील स्थान ओगट्दै आएको कृषि क्षेत्रको संरक्षण, सम्बर्द्धनमार्फत राष्ट्र निर्माण गर्ने गहन जिम्मेवारी बोकेको कृषक राज्यको मूलधारमा आउन सकेको छैन । यसै सन्दर्भमा कृषक वर्ग र किसानको हक अधिकार प्राप्तिका लागि बहस/पैरवी गर्न कृषकलाई स्थानीयदेखि केन्द्रीय स्तरसम्म सङ्गठित गराउँदै सेवाप्रदायक निकायहरूमा उनीहरूको पहुँच वृद्धि गरी दिगो तथा आत्मनिर्भरमुखी उत्पादनमार्फत राष्ट्रिय उत्पादकत्वमा टेवा पुऱ्याउन जरुरी थियो । यसै उद्देश्यका साथ राज्य र कृषकहरूको सेतुका रूपमा कृषिप्रधान देशको मर्मलाई सार्थक तुल्याउनका लागि राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल स्थापना भएको हो । जसले नेपाल सरकारमार्फत देशैभरि गठन भई क्रियाशील कृषक समूहहरूको क्षमता विकास गर्ने अठोट लिएको छ । साथै सरकारी/गैरसरकारी सङ्घ/संस्थाहरूसँग समन्वयात्मकरूपले विकास अभियानमा सरिक हुने लक्ष्यसमेत यसको छ ।

कृषकहरूको छाता सङ्गठनको रिक्तता महसुस हुनु नै यो महासङ्घ जन्मको मुख्य आधार हो । जसले सम्बन्धित निकायमा दर्ता भई देशभरि छरिएका क्रियाशील कृषक समूह, पशु सेवा समूह र कृषि सहकारीहरूलाई आबद्ध गर्दै आएको छ । तत्कालीन गा.वि.स., सेवा केन्द्र (इलाका), जिल्ला, क्षेत्र हुँदै राष्ट्रिय स्तरसम्मको संरचना निर्माण गरेको राष्ट्रिय कृषक समूह महासङ्घ गठनको जग २०६८/५/२३ गते मध्यमाञ्चल क्षेत्रीय कृषि निर्देशनालय हरिहरभवनमा भएको छलफल थियो । जतिबेला कृषक समूहहरूका अगुवा प्रतिनिधिहरूको भेला भएको थियो र उनीहरूले नै यस्तो महासङ्घको औचित्य औल्याएका थिए । यिनै अगुवाहरूको निरन्तर प्रयासपछि महासङ्घ देशैभरि कार्यक्षेत्र रहने गरी २०६८ चैत १४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता भएको हो ।

महासङ्घ त्यसयता कृषि विकास र किसान अधिकारका लागि सम्बन्धित निकायमा पैरवी गर्दै अगाडि बढिरहेको छ । पारदर्शिता, सहभागितामूलक अनुगमन र संस्थागत उत्तरदायित्वलाई आत्मसात गर्दै महासङ्घले आफ्ना कार्यहरूको मूल्याङ्कन गराउने कार्य पनि थालनी गरेको छ । महासङ्घले वर्षभरिमा गरेका क्रियाकलापलाई आन्तरिक एवं बाह्य सरोकारवालाबीच सार्वजनिकीकरण गरी प्राप्त सुझावका आधारमा प्रभावकारिता अभिवृद्धि गर्दै अगाडि बढ्नका लागि सामाजिक लेखाजोखा गर्दै आएको छ ।
सामाजिक लेखाजोखामार्फत महासङ्घको नीति, नियमअन्तर्गत सञ्चालित गतिविधि एवं त्यसको परिणाम र त्यसले लक्षित वर्गको जीवनमा पारेको प्रभावलाई आत्मसात गर्ने, वर्षभरि गरिएका अभियान र त्यसका स्रोतका साथै हासिल उपलब्धि एवं सिकाइबारे सहभागीबीच अनुभव आदान-प्रदान गर्ने गरिएको छ । लेखाजोखामा आएका सुझाव एवं सल्लाहलाई महासङ्घले मार्गनिर्देशनको रूपमा लिइ कार्ययोजना बनाएर अघि बढ्ने अभ्याससमेत गर्दै आएको छ ।

## खण्ड क

## १. छैटौं सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण

२०७६ असोज ३० गतेका दिन विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घ/संस्थाका प्रतिनिधि, कृषि विज्ञ, महासङ्घका तहगत संरचनाका प्रतिनिधि, अगुवा कृषक, किसान अभियन्ता, पत्रकारलगायत ११० जनाको उपस्थितिमा छैटौं सामाजिक लेखाजोखा कार्यक्रम भएको थियो । यो कार्यक्रम दिनको १:३० बाट काठमाडौंमा आयोजना भएको थियो ।
महासङ्घका महासचिव रीता बस्ताकोटीले कार्यक्रम सञ्चालन गर्दै पारदर्शिता, जवाफदेहिता र संस्थाका गतिविधि मूल्याङ्कन गराउने अभिप्रायले लेखाजोखा कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । महासङ्घका उपाध्यक्ष पञ्चकाजी श्रेष्ठद्वारा अतिथिलाई स्वागत गरिएको उक्त कार्यक्रम सभापति कृषि सहकारी एवं प्राकृतिक श्रोत संसदीय समितिका सभापती माननीय पूर्ण कुमारी सुवेदीको प्रमुख आतिथ्यता र महासङ्घका अध्यक्ष नवराज बस्नेतको अध्यक्षतामा सम्पन्न भएको थियो ।

### क. सामाजिक लेखाजोखा सञ्चालन तौरतरिका/विधि

- महासंघको वार्षिक गतिविधि
- लेखापरीक्षकद्वारा महासङ्घको आर्थिक कारोबार र दस्तावेजीकरणको अवस्था समीक्षा
- विभिन्न जिल्लाका किसानद्वारा आफ्ना भोगाई प्रस्तुत
- लेखा परिक्षकको समिक्षा
- तेश्रो आंखाको विश्लेषण प्रस्तुति
- सरोकारवालाबाट सुझाव सङ्कलन
- महासङ्घबाट प्रतिबद्धता व्यक्त
- समापन

### ख मुख्य सुझाव, प्रतिबद्धता र प्रयास

| सहभागीका जिज्ञासा एवं सुझाव | महासङ्घको प्रतिबद्धता | महासङ्घले गरेको प्रयास |
|---|---|---|
| कार्यक्रमहरुलाई छोटो र छरिदो बनाउन सक्दा राम्रो | प्रकृति हेरी महासंघका कार्यक्रमलाई ब्यवस्थित र छोटो बनाउने प्रयास गर्नेछौ । | महासंघले आफ्ना कार्यक्रमलाई ब्यवस्थित र समय सिमा भित्र सक्ने गरि ब्यवस्थापन गर्ने प्रयास गरेको छ |
| किसान साथमा समस्यामा महासंघले गरीरहेको गतिविधि तथा योजनाहरु निकै राम्रा छन् र एजेण्डा पनि निकै दमदार छन् । | धन्यवाद, साना र सिमान्त किसानको पक्षमा महासंघ थप शसक्त रुपमा अगाडि बढ्नेछ । | प्रभाव समुहको सवालमा महासंघ अझ संबेदनशिल र प्रभावकारी ढंगले अगाढि बढ्ने छ । |
| किसान परिचय पत्र वितरण गरी बेलका नगरपालिकासंग गरेका सहकार्य किसान उत्थानमा संवाद छन र अरु पालिकासंग यसरी नै सहकार्य गर्दा लाखौ किसान उकास्न सकिन्छ | धन्यवाद, स्थानीय पालिकासंगको सहकार्यलाई महासंघले विस्तार गर्नेछ । | बेलका नगपालिकाबाट शुरुवात गरिएको कृषि नमुना विस्तार ओखलढुंगाको सिद्धिचरण, सिरहाको सखुवानन्कारकट्टि, झापाको |

| | | |
|---|---|---|
| | | कन्काईमा समेत किसान परिचलय पत्रको शुरुवात भएको छ । |
| कृषिको व्यवसायीकरण तथा किसानहरुको जीवनस्तरमा समेत सहयोगी भूमिका रहनुपर्छ । महासंघको क्षेत्र ७७ जिल्लामा विस्तार गरी सामूहिक आवाजलाई अझ प्रभावकारी रुपमा उठान गर्नुपर्छ । राष्ट्रिय किसान आयोग, संघ प्रदेश र स्थानीय सरकार विच समन्वयमा भूमिका खेल्नुपर्छ । | किसानहरुको जीवनस्तरमा सकारात्मक परिवर्तको लागि महासंघ अगाडि बढ्नेछ । संगठन विस्तारमा ध्यान दिईनेछ । तहगत सरकारसंगको समन्वय र सहकार्यलाई प्राथमिकता दिईनछ । | साना र सिमान्त किसानको जीवनमा सकारात्मक परिवर्तनको लक्षित गरि कार्यक्रमहरु संचालनमा रहेका छन् । ६९ जिल्लामा संगठन विस्तार भएको छ । राष्ट्रिय किसान आयोग, संघ प्रदेश र स्थानीय सरकार विच समन्वयमा भूमिका खेलिएको छ । |
| लेखाजोखामा प्रस्तुत भएका स्लाईड,ग्यालरी र अन्य फल्लेक्स सम्पुर्ण जानकारीका लागि ल्याइउका वस्तुहरु अत्यन्तनैं सुचनामुलक लाग्यो जसले जसले राष्ट्रिय कृषक समुह सुशासन तथा पारदर्शिता प्रति उत्तरदायि रहेको जानकारी भयो । | धन्यवाद | महासंघ थप जवाफदेहि रहन प्रतिवद्ध छ । |
| लैगिक सहभागीता अझै बढाउन परो अव उत्पादनमा मात्र सिमित नभई उत्पादन बढाउने र उपभोक्ता समक्ष पुग्न सहज र सरल तरिकाले उपभोग्य वस्तुको पहुच पुऱ्याउन सके यस राष्ट्रिय कृषक समूह महासंघको महत्तो अझ बढ्ने थियो । | धन्यवाद, महासंघले उत्पादनमुखि अवधारणा र बजारकरणलाई समेत आफ्नो कार्यदिशा बनाएको छ । | उत्पादनमुखि अवधारणा र बजारकरीकरणमा समेत महासंघले आफनो ध्यान केन्द्रित गरेको छ । |
| सामाजीक लेखा जोखा वार्षिक गतिविधि सँग सम्बन्धित हुनु स्वभाविक हो महासंघको मौलिक कार्यहरु, पैरवि राज्यलाई नितिगत तहमा सहयोग गर्न सहायक हुने छ । हाल समुहहरु अभिभावक विहिन भएको अवस्था छ । समुह गठन,समुह विकास, समुह परिचालन, हितकोष परिचालन र व्यवस्थापन कार्यमा महासंघको भूमिका रहोस स्थानीय र प्रदेश सरकारका अनुदानका क्रियाकलापमा विपन्न समुहको तथ्य परक उपलब्धि परक सहभागीता हुन महासंघले पहल गरोस । | समुहको दर्ता नविकरण, र कर छुटको लागि महासंघले पैरवी गर्ने छ । | समुहको दर्ता नविकरण, र कर छुटको लागि महासंघले पैरवी गर्दै आएको छ । अर्थ मन्त्रालय, कृषि विकास तथा पशुपंक्षि विकास मन्त्रालयसंग सम्बाद गरि अडानपत्र पेश गरिएको छ । |

## २. आ.व.२०७६/०७७ को प्रगति समीक्षा

### क. अभियानगत प्रगति

महासंघले आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न पञ्चवर्षीय रणनीतिक योजना बनाएको छ। उक्त रणनीतिक उद्देश्य र क्रियाकलापलाई समयसापेक्ष संशोधन र परिवर्तन गर्दै आएको छ। महासङ्घको रणनीतिक लक्ष्य अनुसारका क्रियाकलापः

**रणनीतिक लक्ष्यहरु**

**रणनीतिक लक्ष्य १:** सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा पहुँचको सुनिश्चिते गर्ने।

**रणनीतिक उद्देश्य १.१**

सदस्य समूहको हक अधिकार सुनिश्चतताको लागि ऐनकानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरु निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने।

**आ.व. २०७५/७६ मा महासङ्घले गरेको सवालगत पैरवी र उपलब्धि**

| सवाल | महासङ्घको पैरवी | उपलब्धि |
|---|---|---|
| खाद्य सुरक्षा तथा संप्रभुता | खाद्य सुरक्षा तथा संप्रभुता नियामावली मस्यौदा निर्माण, छलफल र मन्त्रालयमा पेश | खाद्य सुरक्षा तथा संप्रभुता ऐनलाई कार्यान्वयन गर्न मन्त्रालयमा नियामावली मस्यौदा चरणमा रहेको छ। |
| किसान परिचयपत्र | किसान परिचयपत्र वितरण प्रकृया, कार्यविधिको स्वरुप, छलफल र सम्बाद, | विभिन्न ६ वटा स्थानीय तहमा किसान परिचयपत्र कार्यविधि तयार भई परिचय पत्र वितरण चरणमा रहेको छ। |
| स्वस्छ उत्पादन | विषाधि रहित खाना हाम्रो अधिकार अभियान | स्वस्छ खाना हाम्रो अभियानले सबैको सामु स्थान पाएको छ। |
| रोग किरा | प्रदेश १ महासंघ मार्फत कोल्ड स्टोरमा राखेको आलुको विउ कुहिएको र फौजी किराले पुराएको क्षेती बापत क्षेतीपुर्ति लागि प्रदेश मन्त्रालयको ध्यानाकर्षण | प्रदेश मन्त्रालयले पिडित किसानलाई क्षतिपुर्ति उपलब्ध गराउने प्रतिवद्धता ब्यक्त गरेको छ। |
| अडानपत्र पेश | कर्णाली प्रदेश महासंघ मार्फत भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय र मुख्य मन्त्री समक्ष ३४ बुदे ज्ञापन पत्र पेश | सरकारको नीति तथा कार्यक्रम मार्फत सम्बोधन भएका छन् ।क |
| क्षतिपूर्तिको माग | गरिमा धानमा बाला नलागी किसानलाई भएको क्षतिबारे प्रदेश सरकार समक्ष छलफल र क्षतिपूर्तिको माग | प्रदेश मन्त्रालयले पिडित किसानलाई क्षतिपुर्ति उपलब्ध गराउने प्रतिवद्धता ब्यक्त गरेको छ। |

| | | |
|---|---|---|
| स्थानीय तहसम्म कृषि सेवा केन्द्र विस्तार | कृषि ज्ञान केन्द्र खारेजी र स्थानीय तहसम्म सेवा केन्द्र विस्तारको माग गर्दै तेह्रथुम जिल्ला महासंघ द्धारा प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र पेश, बजार बन्द । | किसानको मागमा आधारित सेवा उपलब्ध गराउने प्रतिवद्धता व्यक्त |
| बाँदर र कृषि बालीमा | बाँदरद्धारा कृषि बालीमा पुगेको क्षतिको क्षतिपूर्तिको लागि स्थानीय तहमा पहल र पैरवी | क्षतिपुर्ति दिईने बन्यजन्तुको सुचिमा बाँदरलाई समावेश |
| कृषक समूह र स्थानीय लेखा नंम्बर | कृषक समूह दर्ता, नविकरण, सुचिकरण र स्थायी लेखा नम्बर बारे स्थानीय सरकारसंग छलफल र पैरवी<br><br>कृषक समूहहरुलाई प्यान लिन गरिएको ब्यवस्थाको खारेजीको माग गर्दै कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा ज्ञापन पत्र पेश | सम्बन्धित निकायको ध्यानाकर्षण |
| क्षतिदावि | मलखाद, विउ विजन, असिनाको क्षति जस्ता विषयमा स्थानीय सरकारसंग छलफल र क्षतिदावि | सम्बन्धित निकायको ध्यानाकर्षण |
| कोरोना कहरको अवस्था र कृषि | कोरोना कहरको अवस्था कृषि, भूमिका सवाल र अवको बाटो के ? अडानपत्र तयार र मन्त्रालय पेश<br><br>कोरनाले प्रभावित कृषि प्रणालीको पूर्नजिवनको लागि चाल्नु पर्ने कदमबारे ७ बुदे अपलि बनाई सबै प्रदेशका मन्त्रालय र संघिय मन्त्रालयमा पेश, संचार माध्यमबाट नियामित प्रसारण<br><br>केन्द्र, प्रदेश र जिल्ला महासंघ द्धारा विद्यामान परिस्थितिमा कृषि र किसानका समस्याबारे श्रृखलाबद्ध विज्ञाप्तिहरु<br><br>किसानका तरकारी बेच विखनमा सिराहाको लाहान बजारमा देखिएको समस्याबारे पत्रकार सम्मेलन गरी विषय उठान, सम्बन्धित प्रशासनको ध्यानाकर्षण पैरवी र समस्या समाधान | कोरोनाबाट प्रभावित कृषिलाई पुन जिवन दिनको लागि सरकारको ध्यानाकर्षण भएको छ । |
| तहगत सरकारका नीति तथा कार्यक्रम | आ.व. २०७७/७८ को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नु पर्ने सवालमा महासंघको अडान पत्र, कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयमा पेश<br><br>आ.व. २०७७/७८ को सरकारी नीति तथा कार्यक्रमले सम्बोधन गर्नु पर्ने सवालमा महासंघको | तहगत सरकारले आ.व.२०७७/७८ को सरकारी नीति तथा कार्यक्रम मार्फत किसान मैत्री कार्यक्रम एवं कृषि नमुना विस्तारको माग सम्बोधन गरेका छन् । |

| | | |
|---|---|---|
| | अडान पत्र तयार गरि सातवटै प्रदेशका सम्बन्धित मन्त्रालयमा पेश<br><br>संघीय सरकारको नीति तथा कार्यक्रम र बजेटको समिक्षा पत्र तयार गरी छुटेका विषयहरु समावेश गरि कृषि विकास मन्त्रीसंग पूनः सम्बाद<br><br>महासंघले नीाति तथा कार्यक्रमको लागि पेश गरेको अडान पत्रको सामाग्री बनाई टेलिभिजनबाट बाट नियामित प्रशारण | |
| नेपाली उत्पादक किसानको उत्पादनलाई सर्वोच्चमा मुद्धा | नेपाली उत्पादक किसानको उत्पादन उचित बजारीकरण ब्यवस्थापन नभएकोले खेतमा नै तरकारी एवं फलफुलहरु कुहिएको अवस्थामा बाहिरी देशबाट निर्वाद रुपमा फलफूल तरकारी आयत भईरहेकाले सो कार्य नगर्न नगराउन अन्तरिम आदेश माग गर्दै सर्वोच्चमा मुद्धा दायर एवं सोहि बमोजिमको आदेश | नेपाली उत्पादक किसानको उत्पादनलाई पहिलो स्थान लिई अन्य मुलुकबाट तरकारी ल्याउन सर्वोच्च अदालतद्धारा फैसला भएको छ । |
| सिंचाईको लागि प्रयोग हुने विद्युत मिटरको डिमाण्ड चार्ज मिनाहा माग | सिंचाईको लागि प्रयोग हुने विद्युत मिटरको डिमाण्ड चार्ज मिनाहा माग गर्दै विद्युत नियामन आयोगमा पत्र पेश सार्वजनिक सुनुवाईमा सहभागी भई महासंघको धारणा पेश | सिंचाईको लागि प्रयोग हुने विद्युत मिटरको डिमाण्ड चार्ज मिनाहा भएको छ । |
| एकिकृत कृषि ऐन निर्माण | स्थानीय तहमा कृषि ऐन निर्माणमा महासंघले खेलेको भूमिका, प्रदेश तहमा गरेको सहयोग र विषय उठानको दौराना खेलेको ऐतिहासिक भूमिकाको संगालो सहित कृषि विकास मन्त्री र सचिवलाई बुझाई ऐन निर्माण समितिमा महासंघको संस्थागत प्रतिनिधित्वको लागि दावी पत्र पेश | विभिन्न १४ भन्दा बढि स्थानीय तहमा कृषि ऐन निर्माण भएको छ । संघिय तहमा ऐन निर्माणको चरणमा रहेको छ । |

**रणनीतिक उद्देश्य १.२**

सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र वातावरण मैत्री कृषि पद्धति अवलम्वन गर्ने ।

- **स्थानीय सरकार र महासंघ विचको सहकार्यमा जलवायु मैत्री कृषि नमुना विकासका कामहरुलाई महासंघले अगाडि बढाएको छ ।**

- उदयपूरको बेलका नगरपालिकासंगको सहकार्यमा किसान पहिचान, वर्गिकरण परिचयपत्र र सामाजिक सुरक्षाको नमुना अभ्यासको थालनि भएको छ । महासंघको स्थापना कालदेखिनै पैरवी गर्दै आएको यस सवालले नीतिगत र अभ्यासमा सार्थक भएको छ । किसानहरुको वर्गिकरण तथा पहिचान सहितको पद्धतीको विकास गर्ने र किसान वर्गिकरणको आधारमा सेवा सुविधामा न्यायोचित पहुंच स्थापना र जीविकोपार्जन टेवा पुऱ्याउने उदेश्यले शुरुवात गरिएको यस अभ्यासले लक्षित समुदायको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउन सार्वजनिक सेवा सुविधा, प्रविधि, स्रोत आदिमा किसानहरुको पहुँच स्थापनाको लागि नियान्त्रण प्रणालीसंग यसलाई आवद्ध गरी सेवामा पहुच स्थापनामा सहजिकरण भएको छ । यस अभ्यासलाई झापाको कन्काई नगरपालिका, सिरहाको सखुवानन्कारकटि गाउपालिका र ओखलढुगाको सिद्धिचरण न.पा.ले समेत शुरुवात गरेका छन् । विद्यमान खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ मा किसान पहिचान, वर्गिकरण सहितको प्रावधानको स्पष्ट ब्यवस्था उल्लेख भएको छ । स्थानीय, प्रदेश र संघिय सरकारका नीति तथा कार्यक्रम मार्फत यस कार्यको विस्तार भएको छ ।

- सिरहा जिल्लाको भगवानपुर गाउपालिका र विभिन्न सरोकारवालासंगको सहकार्यमा महासंघले २०७० देखि नमुनाको रुपमा शुरुवात गरेको जग्गाभाडा लिई करार खेतीको नमुना अभ्यास विस्तार भएको छ । भगवानपुर गाउँपालिकाबाट शुरुवात भएको यस अभ्यास, सिरहाको सखुवानन्कारकटि गाउपालिका, विष्णुपुर गाउपालिका, उदयपुरको बेलका र कटारी नगरपालिकामा विभिन्न १३ स्थानमा विस्तार भएको छ । स्थानीय सरकारसंगको साझेदारीतामा गरिएको यस अभ्यासबाट सिमान्त समुदायका २६० मुसहर एवं दलित परिवारका १३०० जना लाभान्वित भएका छन् । सिमान्त गरिव, भूमिहिन र साना किसानको जीविकोपार्जनको कोशेढुंगाको रुपमा यस अभ्यास स्थापित भएको छ । करारखेतीमा संलग्न किसानहरुलाई मौसमी लगायत अन्य सुचनाको अभ्यास स्वारुप कृषि सल्लाह सेवालाई जोडिएको छ । स्थानीय, प्रदेश र संघिय सरकारका नीति तथा कार्यक्रम मार्फत प्राथमिकताका साथ विस्तारको लागि नीतिगत र संस्थागत अभ्यासको थालनि भएको छ ।

- संघिय सरकारले ७५ प्रतिशत अनुदान दिदै आएको कृषि विमा कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय सरकार समेतको श्रोत सहभागितामा स्थानीय तहमा कृषि विमा प्रवर्द्धन विस्तारको आधार तय गर्ने र जलवायु संकटासन्न भूमीहिन, सिमान्त, दलित, महिला तथा साना किसानको वाली तथा पशुधनको जोखिम हस्तान्तरण उदेश्यले ओखलढुंगा जिल्लाको सुनकोशि गाउँपालिकासंगको सहकार्यमा महासंघले वाली तथा पशु बिमाको स्थानीयकरणको नमुना अभ्यास गरेको छ । विमा कार्यक्रमको महत्वबारे किसान तहमा सचेतना फैलिएको छ । स्थानीय सरकारको अगुवाईमा विमा कम्पनी र महासंघ समेतको साझेदारीमा गरिएको अभ्यासमा १५०० भन्दा बढि किसानहरु सरिक भएका छन् । ओखलढुंगाको सिद्धिचरण, चिसंखुगढि, सिरहाको भगवानपुर, सखुवानन्कारकटि, विष्णुपुर लगायताका पालिकामा यस अभ्यासको विस्तार भएको छ । किसानले यस प्रकृयामा सरिक भई यस अवधिमा क्षतिपूर्ति बापत ६,६६,९००। बराबर भुक्तानी प्राप्त गरेका छन् ।

- साना किसानलाई लक्षित गरि विकास गरिएका कृषि नमुना अभ्यासबारे बुझाई विकास गर्दै नीतिगत तहमा नै स्थापित गरि विस्तार गर्ने उदेश्यले ५५ स्थानीय पालिकाका प्रमुखहरु साथै सातै प्रदेश सरकारका प्रतिनिधि सहभागितामाप्रदेश स्तरीय महासंघले सहित कार्यशाला गरेको छ

- जलवायु मैत्री कृषि नमुना विस्तार अभ्यासलाई सहजिकरणको लागि महासंघले सहजिकरण श्रोत पुस्तिका निर्माण गरेको छ साथै अभियान्ता विकास गरि स्थानीय तहमा परिचालन गरेको छ ।

- ३६ वटा समूहका किसानहरु पोषण बगैचा, ४५ वटा समूहका  किसानहरु दिगो कृषिका अभ्यास सरिक भएका छन् । २५० मुसहर परिवारमा पोषण कार्यक्रम मार्फत स्वच्छन्दता एवं जिविकोपार्जनका गतिविधिहरु संचालन गरिएको छ ।
- २०० वटा समूहमा समुदाय स्तरका जलवायु संकटासन्न क्षमता पहिचान गरी उत्थान योजना निर्माण गरेको छ । जलवायु उत्थान अभ्यासमा स्थानीय सरकार समेतको सहकार्यमा किसानलाई सहजिकरण गरिएको छ । स्थानीय सरकारसँगको सहकार्यमा स्रोत विविधीकरण गरी सिरहा, उदयपुर र ओखलढुङ्गाका ९९ समूहमा जीविकोपार्जन गतिविधिमा सहजीकरण र सहयोग गरिएको छ । समूहमा सिँचाइ, सामूहिक खेती, प्राङ्गारिक मल, हाते मेसिन एवं समूहको आवश्यकतामा आधारित सहयोग गरिएको छ ।

/

**रणनीतिक उद्देश्य १.३** छरिएर रहेका भूमिहीन, सिमान्त र साना महिला तथा पुरुष कृषकहरुलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरुमा आवद्ध गर्दै संगठीत गर्ने ।

| उपलब्धि | आ. २०७५/७६ | आ. ०७६ / ०७७ |
|---|---|---|
| गोलबद्ध किसान सदस्य | ८९४२५ | १०५००० |
| सदस्य समूहहरू महासङ्घमा आबद्ध | ३५७७ | ४२५० |
| जिल्ला महासङ्घ बिस्तार | ५६ | ५९ |

- राज्यको नयाँ संरचनाअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र सङ्घमा महासङ्घको संरचना रहने गरी विधानमा व्यवस्था भई सोहीअनुसार कृयाशिल रहेको छ ।

**रणनीतिक लक्ष्य २:** साझेदारहरुसंग संस्थागत सहकार्य सुदृढ गर्ने ।

**रणनीतिक उद्देश्य २.१:** महासंघको दिगो स्रोत र सहयोगको लागि प्रकृति मिल्दो श्रोत साझेदार तथा दात्री निकायहरुसंग सहकार्य अभिवृद्धि गर्ने ।

**केएर नेपाल :** महासङ्घको रणनीतिक उद्देश्य प्राप्तिका लागि साना तथा सीमान्तकृत कृषकहरू विशेषतः महिला किसानको सशक्तीकरण तथा खाद्य अधिकारमा पहुँच अभिवृद्धि गर्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरूसँग जुध्न समुदायसँग मिलेर अनुकूलनका लागि कृषि नमुना विकास तथा प्रवर्धनका प्रयासमा समुदायलाई सहयोग पुऱ्याउने उद्देश्यले ओखलढुङ्गा, सिरहा र उदयपुरमा सामर्थ्य कार्यक्रम सञ्चालनमा रह्यो । यस कार्यक्रमको सिकाईलाई अन्य पालिकाहरुमा विस्तार गरिएको छ  त्यसैगरी सिरहा जिल्लाको भगवानपुर गाउँपालिकामा गर्भवती महिला, बालबालिकालाई लक्षित गरी पोषण परियोजना साथै कोरोना प्रातिकार्य कार्यक्रम सञ्चालनमा छ ।

**एफ ए ओ/आईयुसिएन नेपाल :** सिमान्त समुदायको जीविकोपार्जन तथा जलवायु उत्थानशि क्षमता विकासको लागि काभ्रको देउपुर मण्डन  र सिन्धुपाल्चोकको ईन्द्रवती गाउँ पालिकामा कार्यक्रम संचालन गरिएको छ ।

**राष्ट्रिय किसान सञ्जाल :** महासङ्घको संस्थागत दस्तावेजीकरण, सवालगत पैरवीका लागि सञ्जाल र महासङ्घबीच स्रोत साझेदारी भएको छ ।

**हरियो वन परियोजना, केएर नेपाल : बांके जिल्लाको गेरुवा गाउ पालिकामा** समूह सशक्तीकरण र कृषि परामर्श सेवा विस्तारको हरियो वन परियोजनासँग सहकार्य रह्यो ।

**तहगत सरकार : कृषि नमुना विस्तारको लागि तहगत सरकारसंग श्रोत साझेदारी, नीतिगत सहकार्य रहेको छ ।**

**रणनीतिक उद्देश्य २.२: महासंघको आन्तरिक स्रोतसाधनको वृद्धि, परिचालन र व्यवस्थापन गर्ने ।**

**आन्तरिक स्रोत :** सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासङ्घले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ ।

**रणनीतिक लक्ष्य ३**: महासंघको संस्थागत विकास र नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने।

- महासङ्घको अभियानलाई अनुशासित र मर्यादित बनाउन बनेका विभिन्न १४ नीति कार्यान्वयनमा छन् ।
- नियमितरूपमा राष्ट्रिय सचिवालय, कार्यसमितिको बैठक, समीक्षा, छलफल गरी अभियान अगाडि बढाइएको छ
- सहभागितामूलक कार्यक्रम विकास, योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तीय प्रणाली तथा नीति नियमको पालना, मानवस्रोत र अन्य बन्दोबस्त, पैरवी क्षमता जस्ता क्षेत्रअनुसार निर्धारण भएका विभिन्न १०० सूचकभित्र रही सहभागितामूलक संस्थागत क्षमता विश्लेषण एवं सुधार योजना निर्माण गरी महासङ्घले आफूलाई स्वमूल्याङ्कन गर्दै आइरहेको छ ।
- महासङ्घको राष्ट्रिय कार्यसमिति बैठकले राज्यको पुरर्संरचनाअनुसार वडा, पालिका, जिल्ला प्रदेश र राष्ट्रिय तहमा महासङ्घको संरचनाहरू कायम गरी सोही संरचनाअनुसारको अभ्यास गरी दोस्रो राष्ट्रिय अधिवेशन सम्पन्न भएको छ ।

**रणनीतिक उद्देश्य ३.१: महासंघको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने।**

- महासङ्घमा आबद्ध ३५७७ समूहमा नियमित बैठक, हित कोष सङ्कलन, समूह नवीकरण, हक/अधिकार, सेवा/सुविधाबारे छलफल ।
- सिरहा, उदयपुर र ओखलढुङ्गाका ४५० वटा समूह परिचालन गरी १०,१८४ किसानमा बचत/लगानी/पारदर्शिता/कृषि, पशु सेवाबारे छलफल/समूहको नियमित बैठकमा सहभागिता /समूहस्तरीय सवालहरूको पहिचान एवं स्रोत खोजीमा सहजीकरण ।
- सवल परियोजनाद्वारा निर्माण एवं परिचालन भएका उदयपुर, खोटाङ, ओखलढुङ्गा, रामेछाप, मकवानपुर, र सिन्धुली जिल्लाका ३०० समूहमा क्षमता विकास अभिमुखीकरण र महासङ्घमा आबद्धता ।
- स्थानीय सरकार एवं प्रदेशस्तरीय सरकारका समक्ष कृषि र किसानका सवालमा आधारित अन्तरक्रिया गरी अडानपत्र पेश ।

- कैलाली, अछाम, डोटी, नवलपुर, बर्दिया, पाल्पा र कञ्चनपुर  जिल्लाका महासङ्घको संरचनाका ९२१ जना पदाधिकारी एवं सदस्यलाई कृषिको नयाँ संरचना, योजना तर्जुमा प्रक्रिया, किसानका सवालबारे अभिमुखीकरणका साथै पालिका तहले बनाएको नीति तथा कार्यक्रमबारे पालिका प्रमुखसँग साक्षात्कार गरी किसानमैत्री अभ्यासका लागि अवधारणापत्र पेश ।
- महासङ्घको अभियान, किसानको सवाल एवं तहगत सरकारको भूमिका र प्रदेशस्तरीय कृषि विकास ऐनको आवश्यकताबारे ७ प्रदेशमा ४९० जना किसानको सहभागितामा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।
- गाउँ तथा नगर महासङ्घमार्फत लक्षित समुदायमा कृषक समूह गठन, नवीकरण, परिचालनमा सहजीकरण, स्रोतको खोजीलगायत किसान अधिकारबारे नियमित सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन  ।

**रणनीतिक उद्देश्य ३.२ः कृषकहरुको गैरराजनीतिक छाता संगठनको रुपमा विभिन्न तहमा प्रतिनीधित्व सुदृढ गरी कृषिक्षेत्रमा कार्यरत विषयगत संघसंस्थाहरुसंग सहकार्य एवं सञ्जालीकरण गर्ने ।**

- सवाल मिल्ने सङ्घ/संस्थासँग सहकार्य गर्ने रणनीतिअनुरूप महासङ्घले विभिन्न समितिमा प्रतिनिधित्व एवं सङ्घ/संस्थासँग सहकार्य गर्दै आएको छ ।

**क. स्थानीय तह**

- सुनकोशी, बेलका र भगवानपुर गाउँपालिकाहरूले कृषिसँग सम्बन्धित नीतिगत छलफलमा महासङ्घको सहभागितालाई प्राथमिकतामा राखेका छन् ।
- कृषि नमुना विकास साथै किसान अधिकार र सेवा/सुविधाका लागि स्थानीय सरकार र महासङ्घबीच सहकार्यको सम्झौता (सुनकोशी, बेलका र भगवानपुर) भएको छ ।
- करार खेती, किसान परिचयपत्र, कृषि बिमा, आवधिक योजना, कृषि नीति निर्माण कार्यमा स्रोत साझेदारी सुरु भएको छ ,
- अन्तर्राष्ट्रिय महिला दिवस, धान दिवस, प्राङ्गारिक कृषि मेला आदिमा सहकार्य गरिएको छ ।
- स्थानीय उद्देश्य मिल्ने संस्था (जस्तै- प्राकृतिक स्रोतमा काम गर्ने संस्था, किसान अधिकारमा सहयोग गर्ने संस्था) हरू
- सरोकारवाला सरकारी निकाय (वडा, गाउँपालिका, नगरपालिकाका आर्थिक समिति साथै कृषिसँग सम्बन्धित समिति) हरू

**ख. राष्ट्रिय तह**

क. कृषि मन्त्रालयअन्तर्गतको पारिवारिक खेती दशक
(राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति) सदस्य
ख  कृषि, खाद्य सुरक्षा र पोषण क्षेत्र (दिगो विकास मञ्च) संयोजक
ग.  सञ्चालक समिति (एसिया प्रशान्त क्षेत्रीय किसान कार्यक्रम) सदस्य
घ.  राष्ट्रिय जैविक समिति, सदस्य
ङ.  स्थानीय ज्ञान प्रवर्द्धन कार्यक्रम, विश्व सञ्जाल सदस्य
च. राष्ट्रिय किसान सञ्जाल, सदस्य
छ. राष्ट्रिय खाद्य अधिकार सञ्जाल
ज. राष्ट्रिय किसान आयोग आबद्धता

**ख. आर्थिक विवरण**

**आर्थिक प्रतिवेदन**

२०७६ श्रावण १ देखि २०७७ आषाढ ३१ सम्म

**प्राप्ति खर्च विवरण**

| प्राप्ति विवरण | रकम रु | खर्च विवरण | रकम रु |
|---|---|---|---|
| शुरु मौज्दात गत आर्थिक बर्ष | १,०८२,७०२।०० | | |
| केयर नेपाल (सामर्थ्य परियोजना) | १५,५२८,०५०।०० | केयर नेपाल (सामर्थ्य परियोजना) | १३,४५८,७१३।०० |
| केयर नेपाल (पोषण परियोजना) | ४,१७६,२३२।०० | केयर नेपाल (पोषण परियोजना) | ४,२३८,२९३।०० |
| केयर नेपाल (स्वास्थ्य परियोजना) | २३५,६३६।०० | केयर नेपाल (स्वास्थ्य परियोजना) | २३५,६३६।०० |
| केयर नेपाल (आर. जी. ए. परियोजना) | ८०,०००।०० | केयर नेपाल (आर. जी. ए. परियोजना) | ८०,०००।०० |
| केयर नेपाल (कोभिड १९ आकस्मिक परियोजना | १,१०२,०००।०० | केयर नेपाल (कोभिड १९ आकस्मिक परियोजना | |
| एफ ए ओ (एफ एफ एफ परियोजना) | ४८४,६८०।०० | एफ ए ओ (एफ एफ एफ परियोजना) | ८४,५४६।०० |
| **संस्थागत** | | **संस्थागत** | |
| महाधिबेशनको लागि आम्दानी | १,३००।०० | बैंक चार्ज संस्थागत | १५०।०० |
| अन्य आय | २७,३२०।०० | विद्यान छपाइ खर्च | ५७,६३०।०० |
| केन्द्रिय कोष जम्मा | १६,७४०।०० | किसान डायरी छपाई खर्च | २७,८००।०० |
| | | लेटर प्याड छपाई खर्च | १९,४६९।०० |
| | | नवौँ स्थापना दिवश कार्यक्रम | ३१,२४९।०० |
| | | सचिवालय बैठक खर्च | ३७,४९०।०० |
| | | अफिस स्थानान्तरण खर्च | ११,९००।०० |
| | | संस्था नविकरण खर्च | ५,३५०।०० |
| **जम्मा रकम** | २२,७३४,६६०।०० | **जम्मा रकम** | १८,२८८,२२६।०० |

| | |
|---|---|
| **खर्च हुन बाँकी मौज्दात (Fund Balance)** | ४,४४६,४३४।०० |

**कोष**

| | |
|---|---|
| बैक मौज्दात (Bank Balance) | ४,७०७,३२४।०० |
| नगद मौज्दात (Cash Balance) | २२,५०९।०० |
| पेश्कि (Advance) | ६४,१९६।०० |
| आउन बाँकी (Receivable from Care) | ( |
| भुक्तानी दिन बाँकी (Payable) | ३३०,८५५।०० |
| संचित कोष | १६,७४०।०० |
| **जम्मा (Fund Balance)** | ४,४४६,४३४।०० |

**अनुसूची १: बैक मौज्दात (Bank Balance)**

| | |
|---|---|
| राष्ट्रिय बाणिज्य बैक | ४४२,१९२।०० |
| स्टयान्डर्ड चार्टड बैक | २,३०७,५८३।०० |
| एन.आई.सी. एसिया बैक | १,१०२,०००।०० |
| एन.आई.सी. एसिया बैक, सिरहा | ० |
| ग्लोबल आई एम ई बैक सिरहा | २८,४२७।०० |
| ग्लोबल आई एम ई बैक उदयपुर | ५,०१३।०० |
| कुमारी बैक उदयपुर | १,७२३।०० |
| सिभिल बैक ओखलढुंगा | ६,६८९।०० |
| कृषि विकास बैक | ७६८,१७२।०० |
| नविल बैक | ९,९९९।०० |
| एभरेष्ट बैक | ३५,५२६।०० |
| **जम्मा** | ४,७०७,३२४।०० |

**अनुसुचि २ : नगद मौज्दात (Cash Balance)**

| | |
|---|---|
| सानो नगदी कोष केन्द्रिय कार्यालय | ८,८४५।०० |
| सानो नगदी कोष सिरहा | १९४।०० |
| सानो नगदी कोष उदयपुर | ८,२००।०० |
| सानो नगदी कोष ओखलढुंगा | ५,२७०।०० |
| **जम्मा** | २२,५०९।०० |

## अनुसुची ४ : भुक्तानी दिन बाँकी (Payble)

२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| **१** | **केयर नेपाल (सामर्थ्य परियोजना अन्तर्गत)** | **१,९४,६८९।००** |
| | टी.डि.एस. बाँकी | १,०६४।०० |
| | दिलिप कुमार साह | ३,११५।०० |
| | कर्मचारी अवकास कोष कट्टी बाँकी | ३१,६८५।०० |
| | हेम कुमार घिमिरे | ८,४००।०० |
| | आई. टी. एक्सपर्ट सोलुसन प्रा. लि. काठमाडौं | ४,३५६।०० |
| | कुन्ता देवी स्टेशनरी सेन्टर ओखलढुंगा | २,७००।०० |
| | नागरिक लगानी कोष बाँकी मौज्दात | ८७,०८४।०० |
| | रेवती राज कटवाल | ६,३००।०० |
| | सरस्वती कटवाल | ४,३४३।०० |
| | सिप्को बिजनेश प्रिन्टिङ सिस्टम | ४२,०३४।०० |
| | टेक नाथ घिमिरे | ३,१८८।०० |
| | बेदा कुमारी बस्नेत | ४००।०० |
| | बिपिन कुमार मानन्धर | २०।०० |
| **२** | **केयर नेपाल (पोषण परियोजना अन्तर्गत)** | ( |
| **३** | **एफ ए ओ (एफ एफ एफ परियोजना)** | **१०,००८।००** |
| | टी.डि.एस. बाँकी | ७९०।०० |
| | सामर्थ्य परियोजना | ९,२१८।०० |
| **५** | **संस्थागत** | **१२६,१५८।००** |
| | समुहमा सदस्यता शुल्क बापत भुक्तानी दिनुपर्ने रकम | २९,२००।०० |
| | जिल्लालाई दिन बाँकी भुक्तानी | ४९,६८०।०० |
| | उद्धब अधिकारी | १,०५०।०० |
| | सुप्रेस प्वाईन्ट | ४४,९८०।०० |
| | टी.डि.एस. बाँकी | १,२४८।०० |
| | **जम्मा** | **३,३०,८५५।००** |

## अनुसुची ५ : पेश्कि वा भुक्तानी लिनबाँकी (Advance and Receivable)

२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | **केयर नेपाल (सामर्थ्य परियोजना अन्तर्गत)** | **२३,६९६।००** |
| | टेलिफोन पेश्कि | ५,९७८।०० |
| | राम कुमार बुढाथोकी | ८,५००।०० |
| | एफ.एफ.एफ. परियोजना | ९,२१८।०० |
| २ | **केयर नेपाल (पोषण परियोजना अन्तर्गत)** | **०** |
| ३ | **एक्सन एड** | **०** |
| ५ | **संस्थागत** | **४०,५००।००** |
| | बिपिन कुमार मानन्धर | ३५,०००।०० |
| | नरेश जयसवाल | ३,०००।०० |
| | रामकुमार बुढाथोकी | २,५००।०० |
| | **जम्मा** | **६४,१९६।००** |

## ४. छैटौं सामाजिक लेखाजोखाको खर्च विवरण

**सामाजिक लेखाजोखा (२०७६)**
**बजेटसँग खर्चको तुलना**

| क.सं. | विवरण | अनुमानित बजेट | | जम्मा बजेट | खर्च रकम |
|---|---|---|---|---|---|
| | | परियोजना अन्तर्गत | संस्थागत अन्तर्गत | | |
| १ | फ्लेक्स र व्यानर | 500.00 | - | 500.00 | 2,400.00 |
| २ | भिडियो तयारी र उत्पादन | 7,000.00 | - | 7,000.00 | 7,000.00 |
| ३ | बार्षिक संगालो प्रकाशन | - | - | - | |
| ४ | सहभागी यातायात खर्च | 16,000.00 | - | 16,000.00 | 26,870.00 |
| ५ | खाजा/खाना खर्च | 50,000.00 | - | 50,000.00 | 60,472.00 |
| ६ | अध्ययन र तयारी | 54,000.00 | - | 54,000.00 | 54,000.00 |
| ७ | संचार | 2,000.00 | - | 2,000.00 | - |
| ८ | अन्य तयारी | 1,000.00 | - | 1,000.00 | - |
| ९ | जिल्ला पदाधिकारीहरुलाई डि.एस.ए. | - | 12,800.00 | 12,800.00 | |
| १० | सचिवालय सदस्यहरुलाई डि.एस.ए. | - | 18,000.00 | 18,000.00 | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा रकम | 130,500.00 | 30,800.00 | 161,300.00 | 150,742.00 |

| | |
|---|---|
| जम्मा बजेट | 161,300.00 |
| जम्मा खर्च | 150,742.00 |

## ३. महासङ्घको प्रतिवद्धता

देशमा धेरै परिवर्तन भयो । राज्य ब्यवस्थाका स्वरुपहरु फेरिदैं गए । तर कृषि क्षेत्र र किसान वर्ग सधै छायामा पर्दै आयो । उत्पादनको मुल आधार भुमी र अन्य श्रोत साधनमा पहुँच नभएका, तर रातो दिन कृषि कर्ममा समर्पित लाखौं नेपाली किसानहरु आफ्नो पेशाको सुरक्षा र नीतिगत प्रतिनीधित्व एवं निर्णयको अधिकार प्राप्ति सवालमा विभिन्न समस्याहरु भोगिरहेका छन् ।

किसानको आफेनो पहिचान भएन, उत्पादिन बस्तुले बजार र उचित मूल्य पाएनन् । रैथाने वाली, परम्परागत ज्ञानको संरक्षण सम्वर्धन र प्रवर्द्धन गर्न नहुँदा, ब्यवसायिक कृषिको नाममा आयतीत कृषि अभ्यासले मौलिक उत्पादनहरु लोप हुदैं गए । किसानका नाममा कयौं कार्यक्रम, योजना परियोजना बनें तर साच्चै साना किसानको मुहारमा खुशी ल्याउन सकेन । करोडौ रुपैया दुरुपयोग भए । जिम्मेवार राज्यको प्रत्याभूत नहँदा समयमा बल विउ, औजार, र प्राविधिक सेवा उपलब्ध नहुँने वर्षेनीको नियति किसानले भोग्दै आए । जलवायु परिवर्तनले कृषि र किसानलाई नै बढि प्रभावित पारिरहेको छ । विभिन्न समयमा आउँने कृषि एवं पशु जन्य रोग र महासमारीले किसानलाई नै लपेट्छ । कोभिड –१९ ले पनि साना, सिमान्त, भूमिहिन, कृषि मजदुर र महिला किसानहरुको अवस्था थप कष्टकर बनाएको छ ।

यिनै परिवेशमा महासंघ स्थापनाको १० वर्षको अवधिमा महासंघले गरेका असल र सफल कार्य एवं त्यसबाट भएका सिकाईहरुको जोखाजोखार आगामी रणनीति उदेश्य तय गरी भाद्र २३ देखि २९ सम्म महासंघले **स्थापना सप्ताह** सम्पन्न भएको छ ।

**स्थापनाको दश वर्ष वार्षिकोत्सव कार्यक्रम (२३ देखि २९ भाद्र) २०७७ को निचोड एवं कार्यदिशाः**

- वर्षेनीको रसायनीक मल अभाव र यसको दिगो समाधानको लागि अनुसन्धान सहित योजना बनाउन सरकारसंग नियामित सम्बाद र थप पैरवी आवश्यक छ । महासंघले रसायनीक मलको विकल्पको बहशलाई थप प्रभावकारी ढंगले अगुवाई गर्न आवश्यक छ । दिगो कृषि प्रवर्द्धनको अभ्यासलाई राज्यले नीति र कार्यक्रम बनाई अगाडि बढ्न आवश्यक छ ।

- समयमा नै विउ विजनहरु उपलब्ध नहुने एवं विउको गुणस्तरमा देखिएको समस्या समाधानको लागि स्थानीय र रैथाने विउ संरक्षण र प्रवर्धनको लागि स्पष्ट योजना सहित स्थानीय तहमा विउ उत्पादनको अभ्यास आवश्यक भएकाले यसमा महासंघको तहगत संरचना मार्फत कृषक समूह परिचालनको लागि तहगत सरकार समक्ष सहकार्य गरिनेछ ।

- भू-उपयोग ऐनको मर्म वमोजिम कृषि भूमिको खण्डिकरण र कित्ताकाट तत्काल रोक्न र प्रगतिशील भूमि सुधारको मुद्धा सम्बोधन गर्न आवश्यक नियामावली एवं निर्देशिकाहरु जारी गरी अविलम्ब किसान र भुमिहीनका पक्षमा कार्यन्वयनको गरिनुपर्दछ ।

- कृषि उत्पादनको बजारीकरण र उचित मुल्य निर्धारणमा देखिएको समस्याको लागि स्थानीय तहले अगुवाई गर्नु पर्दछ ।

- किसानको पहिचान, वर्गिकरण, परिचयपत्र र त्यसको आधारमा सेवा सुविधा उपलब्ध गराउने थिति र विधिको लागि महासंघ द्धारा स्थानीय तह एवं तहगत सरकारलाई आवश्यक सहजिकरण गरिनेछ ।

- कृषक समूहहरुले स्थानीय लेखा नम्बर अनिवार्य रुपमा लिनॅ पर्ने ब्यवस्थाका कारण कृषक समूहहरु राज्यको सेवा सुविधाबाट बंचित बन्न पुगेकाले यस ब्यवस्था अविलम्ब खारेजिको मन्त्रालयले यसको अगुवाई गर्न आवश्यक छ ।

- कृषि तथा वालि विमालाई साना किसान मैत्री बनाउँदै ग्रामिण किसानको पहुँच सुनिश्चितताको लागि स्थानीय सरकारको प्रत्यक्ष सहभागिता रहने गरी विमा कार्यक्रम प्रवर्द्धन आवश्यक छ। यसको लागि महासंघले तहगत संरचना मार्फत सहजिकरण गर्नेछ।
- कृषि तथा पशुपंक्षिमा देखिने रोग किरा एवं जंगली जनावरको आंतकबाट श्रृजना हुने क्षतिमा किसानलाई क्षतिपूर्तिसहितको जोखिम हस्तान्तरणको स्पष्ट ब्यवस्था आवश्यक छ।
- कृषि प्रसारलाई थप व्यवस्थित बनाउन कृषक समूह, पशु सेवा समूह साथै कृषक समूह महासंघलाई परिचालन गर्न छुट्टै ऐन बनाइ सोहि अनुसार परिचालन गर्न/गराउन आवश्यक छ।
- कोभिड –१९ ले साना, सिमान्त, भूमिहिन, कृषि मजदुर र महिला किसानहरुलाई पारेका प्रभाव अध्ययन र विश्लेषण गरि किसानलाई सहयोग गर्नको लागि कृषि विकास मन्त्रालयले विशेष योजना बनाउन आवश्यक छ। अवस्था अध्ययन र विश्लेषण गरी मन्त्रालयमा सुझाव पेश गर्ने काम कृषक समूह महासंघले गर्दा बढि प्रभावकारी हुन्छ।
- किसानका लागि बन्ने योजना तर्जमा प्रकृया देखि नै किसानको सहभागिता एवं कृषि संग सम्बन्धित समिति एवं नीतिगत तहमा तहगत महासंघको सस्थागत प्रतीनिधित्वको आवश्यक छ। यसको लागि महासंघले तहगत सरकारसंग पैरवि गनु पर्दछ।
- प्रत्यक्ष किसान संग संरचना/संगठन जोडिएको साना, सिमान्त, भूमिहिन वर्गको प्रतिनिधीत्व गर्ने यस महासंघलाई सरकारले श्रोत सहितको साझेदारीमा संलग्न गराउन आवश्यक छ।

# खण्ड ख

## सातौ सामाजिक लेखाजोखाको सङ्क्षेपीकरण

२०७७ पौष १५ गतेका दिन विभिन्न सरकारी निकाय, गैरसरकारी सङ्घ/संस्थाका प्रतिनिधि, कृषि विज्ञ, महासङ्घका तहगत संरचनाका प्रतिनिधि, अगुवा कृषक, किसान अभियन्ता, पत्रकारलगायत ८० जनाको उपस्थितिमा छैटौँ सामाजिक लेखाजोखा कार्यक्रम भएको थियो । यो कार्यक्रम दिनको १:३० बाट काठमाडौँमा आयोजना भएको थियो ।
महासङ्घका महासचिव रीता बस्ताकोटीले कार्यक्रम सञ्चालन गर्दै पारदर्शिता, जवाफदेहिता र संस्थाका गतिविधि मूल्याङ्कन गराउने अभिप्रायले लेखाजोखा कार्यक्रम आयोजना गरिएको बताउनुभएको थियो । महासंघका केन्द्रिय अध्यक्ष नवराज वस्नेतको अध्यक्षता, राष्ट्रिय किसान आयोगका अध्यक्ष चित्र बहादुर श्रेष्ठको प्रमुख आतिथ्तामा सम्पन्न भएको यस कार्यक्रममा नेपाल सरकार कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका कृषि विकास सचिव डा. योगेन्द्र कुमार कार्की तथा कृषि र कृषि संग सरोकार राख्ने विभिन्न सरकारी, गैर सरकरी संघ संस्थाका प्रतिनिधि ज्यूहरु, विभिन्न संचार माध्यामबाट पत्रकारहरु, महासंघका सल्लाहकार तथा तहगत महासंघबाट प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

उक्त सामाजिक लेखाजोखा कार्यक्रममा महासंघल आ.व. २०७६/७७ मा भएका सम्पूर्ण कार्यक्रम तथा गतिविधीहरुको लेखाजोखा सार्वजनिक गरेको थियो । साथै महासंघको सहजीकरणमा संचालनरत विभिन्न कृषि नमुना अभ्यासमा सरिक भएका सिरहा, उदयपुर, काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोकका किसान प्रतिनिधिहरूको समेत सहभागीता रहेको यस कार्यक्रममा किसानको अनुभव र महासंघले उहाँहरुको जिवनमा पुर्याएको योगदान आदिको बारेमा भनाइहरू व्यक्त गर्नुभयो । कार्यक्रममा आ.व. ०७६/०७७ मा महासघंले गरेका कार्यहरु, महासंघले गरेको लगानी र उक्त लगानीबाट भएको लाभको विवरण प्रस्तुत गरिएको थियो । महासघंले सिमान्तकृत किसान, साना किसान, मुसहर, दलित, भुमिहिन, महिला तथा पिछडिएका बर्गका किसानहरुका हकमा बिभिन्न कार्यहरु गर्दै आएको कुराहरु समेत अध्यक्षले बताउनु भयो ।

महासंघले कोरोना कहर र कृषिमा परेको असर न्युनिकरण, जलवायु मैत्रि कृषि बिस्तार, पोषण बगैंचा र दिगो कृषि अभ्यास, महिला सशक्तिकरणजस्ता कार्यहरु गरेका कुरा समेत अध्यक्ष ज्यूले कार्यक्रममा बताउनु भयो । साथै माहामारीको कारण मारमा परेका किसानहरुको लागि वकालत, क्षतिपूर्तीको माग गर्ने, किसानका अपिलहरु मन्त्रालयमा पेस गर्ने, सिंचाइ तथा कृषियन्त्रहरुको माग गर्ने, कृषि बिमा सम्बन्धि कामहरु पनि महासघंले गरेको कुरा समेत बताउनु भयो ।

कार्यक्रममा कृषि सचिव डा. योगेन्द्र कुमार कार्किले ग्रामिण क्षेत्रको उत्थानका लागि राष्ट्रिय कृषक समुह महासघंलाई धन्यवाद दिंदै महासघंले निकै राम्रो काम गरेको बताउनु भयो । उहाँले अबका कामहरुमा राज्यले पुर्ण सहयोग गर्न इच्चुक भएको कुरा बताउनु भएको थियो । उनले अबका दिनमा हातेमालो गर्दै सहयात्रा गर्ने एक्यबद्धता पनि बताउनु भयो ।

## क. लेखाजोखामा आएका विश्लेषण

| बलियो पक्ष | सुधारात्मक पक्ष |
|---|---|
| • व्यवस्थापन गतिविधि तौर तरिका उपयुक्त छ। | • वर्गीकरण सहतिको किसान परिचय पत्र हुनुपर्ने |
| • यस महासंघले सरकारी, गैरसरकारी एवं विभिन्न समूहमा आवद्ध कृषक भूमिहिन सिमान्तकृत कृषक र महिलाहरुलाई समेट्न सक्नु। | • महिलाहरुको निर्णयात्मक भुमिका र आयआर्जनको स्वाकित्वमा पनि भूमिका बढाउन जागरण आवश्यक |
| • सवै किसानलाई संगठित गरिएको | • मन्त्रालय स्तरमा अलि सम्लग्नता बढाउने। |
| • समयमा शुरु<br>• ठिक आकार संख्यामा सहभागी | • अझ सवै किसानहरुलाई आफ्नो स्थानीय तहमै सुझबुझ गर्दा राम्रो |
| • स्थानिय तहको किसानको आवाज र किसानको विचारलाई विशेष स्थान | • समकालिन मुद्धामा धारण - नयाँ मुद्धा) जरुरी। सान्दर्भिक हुने। |
| • लेखाजोखाको गतिविधि तौरतरिका र व्यवस्थापन व्यवस्थित छ र जानकारी मुलक छ। | • समय व्यवस्थापनमा केही सुधार आवश्यक |
| • संस्थाको नाम र उद्देश्य अनुरुप सम्पर्क सयन्त्र निर्माण गर्दै अगाडी सरकारका तिन वटै निकाय संग सहकार्य समन्वय र पैरवी संग संगै अगाडी बढाएको राम्रो छ। | • पढेर सफलता पुर्वक कार्य सम्पादन गरेका विज्ञहरुलाई सदुपयोग गर्ने किनकी तालिम दिदा जस्तो गुरु उस्तै चेलो किसान पैदा गर्छन् |
| • सवै किसानलाई एक गर्दै लगेको छ। | • ७ वटै प्रदेशको स्थानिय कृषि उपज के के र कृषकको जीवन सम्बृद्धि हुन सक्ने उच्च मूल्यका उपज पहिचान र उत्पादनको वजारीकरणमा जोड गर्नु पर्ने |

## ख. सुझाव पेटिकाबाट प्राप्त सुजाव जस्ताको तस्तैः

| बलियो पक्ष | सुधारात्मक पक्ष |
|---|---|
| • करार खेतीको सवल पक्ष, जनप्रतिनिधि संगको छलफल र मन्तव्य | • जनजाती दलित निम्न आय व्यक्तिलाई समाबेस गर्दै जाने र साझेदारी कार्यक्रममा जोड दिने। |
| • राष्ट्रिय कृषक समूह संगठीत हुनु<br>• पारदर्शि सामाजीक लेखाजोखा | • ७ वटै प्रदेश प्रत्यक स्थानीय तहमा सचेतना ल्याउनु पर्ने। |
| • किसानलाई परिचय पत्र वितरण, विमा कृषि सम्वन्धित प्रदेश र स्थानीय तह सम्म सचेतना मुलक कार्यक्रम संचालन | • गरिव किसानलाई प्रविधि हस्तान्तरण गरेको पाइएन सम्वन्धीत निकायहरुमा महासंघले पहल गरियोस। |
| • किसानको भावना राख्ने थलो बनाइएको सम्वन्धित स्थानिय सरकारले स्वीकार गरेको राम्रो | • सवै स्थानीय क्षेत्रहरुमा प्रतिनिधि गरेर दुर्गम क्षेत्रहरुमा पनि पुग्नु पर्‍यो। |
| • जहाँ जतिवेला जे समस्या छ त्यस समस्या समाधानका लागि स्थानीय प्रदेश र संघिय सरकारका | • छोटो र सटिक बुदाँ मात्र पेश गर्ने |

| | |
|---|---|
| सवन्धित निकाय र सरोकार वालासंघ छलफल पैरवी गरीएमा नीतिगत पैरवी समुदायको तहबाट कृषि उत्पादनमा प्रत्यक्ष जोड्ने कार्य गर्दै आउनु भएको | |
| • राम्रो नेटवर्क | • ७७ जिल्लामा विस्तार हुनु पर्ने |
| • राष्ट्रिय कृषक समुह सहासंघ नेपालको पाठ सिकाईले गर्दा हाम्रो कृषि क्षेत्रमा नीकै सुधार भयो । | • राष्ट्रिय कृषक समुह महासंघ नेपालको साना किसानहरुको अधिकारको लागी पैरवी गर्न अझ धेरै सकृय हुनु पर्ने देखिन्छ । |
| • कृषकको पक्षमा भएका गतिविधिहरुको स्पष्ट चित्रण तथा प्रस्तुतिकरण<br>• आकर्षण भिडियो चित्र तथा गुणस्तरिय<br>• सम्पुर्ण पक्षको विचार समेटिएको | • भिडियो क्यापसन राख्ने<br>• सके सम्म छोटो बनाउने<br>• केन्द्रीय सरकारको विचारलाई समेट्ने |
| • कृषकको हकहितका लागि स्थानिय सरकारसंगको समन्वयबाट करार खेति गरी जिविकोपार्जनमा सहजता | • कृषकहरका जागरण र स्थानीय निकायको ध्यान कृषकको हितमा पुग्नु |
| • ७५३ बटै पालिकामा सञ्जालको संरचना उपज पहिचान विमा र वजार व्यवस्थापन लागी गरेको निरन्तर अभ्यास राम्रो छ । | • कृषि उपजको स्थानीय सरकारको उपज र भुगोल र जनसंख्याको आधारमा मूल्य शृंखला स्थाई र दिर्गकालीन रोजगार शृजना र वजार प्रर्वधनको सुनिश्चितताको पहल |
| • किसान परिचयपत्र वितरण विमा कृषि ज्ञान पोलाउदै गएको<br>• कृषकमा जनचेतना फैलीएको | • किसान परिचयपत्र वितरण प्रत्येक गाँउपालिकामा पु¥याउने<br>• कृषि जनचेतना विस्तार प्रत्येक गाँउ घरमा स्थानी तह तथा प्रदेशसम्म पुऱ्याउनु पर्ने |
| • किसानको गतिविधिलाई सवैलाई जानकारी दिएको हुदाँ अझ किसानलाई प्रोत्साहन मिल्न सक्ने । | |

## ग मुख्य सुझाव, प्रतिबद्धता र प्रयास

| सहभागीका जिज्ञासा एवं सुझाव | महासङ्घको प्रतिबद्धता | महासङ्घले गरेको प्रयास |
|---|---|---|
| प्रत्येक स्थानिय सरकारमा समेत महासंघको प्रतिनिधित्व हुनुपर्ने जोड गर्नुपर्ने । | प्रत्यक स्थानीय तह संगको सहकार्यमा स्थानीय तहको कृषि ऐन निर्माणमा सहजीकरण गरिनेछ । उक्त ऐन मार्फत नीतिगत प्रतिनिधित्वको लागि पहल गरिनेछ । | यस वर्ष ३३ वटा स्थानीय तहहरुमा कृषि ऐन निर्माणमा सहजीकरण गरिसकेको छ । हाल सम्म ६३ वटा जिल्लाहरुमा महासंघ गठन भइसकेको छ । |
| कृषकहरुको समस्या समाधान गर्नको लागि अझ सहज गराउने लागि पहल गर्नुपर्ने । | किसानको समस्यामा हातेमालो गर्दै महासंघ निरन्तर अगाडि बढिरहनेछ । | महासंघले कृषकहरुको समस्या समाधानका लागि, विभिन्न ९ वटा स्थानीय सरकारसंग समन्वय गरि किसानको वर्गिकरण गरि सेवा सुविधामा सहज पहुँच सहजिकरण गरिरहेको छ |

| | | |
|---|---|---|
| | | । यस कार्यलाई अन्य पालिकामा विस्तार गरिनेछ । |
| किसानलाइ समयमै मल विउ उपलब्ध गराउनु पर्ने । | किसानलाइ कृषि सामाग्री समयमा उपलब्ध गराउनका लागि निरन्तर पहल तथा पैरवी कार्य गरिनेछ । | सम्बन्धित सरोकारवालाहरुसंगको बैठक र नियामित पैरवी गरिएको छ । |
| महासंघले उखु किसानको मागलाई समाधानका लागि पहल गर्नु पर्ने । | महासंघले किसानको उत्पादनको न्युनतम मुल्यका लागि निरन्तर पहल पैरवी गर्नेछ । | सम्बन्धित सरोकारवालाहरुसंगको बैठक र नियामित पैरवी गरिएको छ । |
| अर्गानिक खेति तर्फ पहल गर्नुपर्ने । | दिगो र जैविक कृषिलाई नीतिगत र ब्यवहारगत अभ्यासको लागि पहल गरिनेछ । | तहगत सरकारका नीति र कानुनमा यसलाई स्थापित गर्न सहिजकरण गरिएको छ । समुदाय तहमा ब्यवहारी अभ्यासमा सहयोग गरिएको छ |
| महासंघले साझेदार संस्थाहरु संग भएका संझौताहरुको आर्थिक तथा कार्यक्रमको पाटो पारदर्शि बनाउँदा राम्रो हुने थियो । | महासंघले सबै साझेदार संस्थाहरु संगको संझौताहरुको आर्थिक तथा कार्यक्रमको पाटो पारदर्शि बनाउनको लागि बार्षिक रुपमा सामाजीक लेखाजोखा र आर्थिक लेखाजोखा गर्ने अभ्यास गरिएको छ । | बार्षिक रुपमा सामाजीक लेखाजोखा र आर्थिक लेखाजोखा गर्ने अभ्यास गरिएको छ । महासंघको वेवसाईटमा आर्थिक विवरण राखिएको छन् । |
| सवै राम्रो छ यसरी नै राष्ट्रिय कृषक समूह महासंघको यात्रा निरन्तर अगाडी बढोस धेरै शुभकामना । | धन्यवाद, राष्ट्रिय कृषक समूह महासंघ नेपालले यस कार्यलाइ निरन्तरता दिनेछ | |
| किसानले कृषि सामाग्री समयमा पाएका छैनन, यसलाइ महासंघले पैरवी गर्नु पर्ने र सवै किसानको मागलाई सम्बोधन गरी अगाडि बढ्नु पर्ने । | देशभरका किसानको हक हितका लागि निरन्तर पैरवी र वकालत गर्ने कार्य गरिरहने छ । | |
| जुन सुकै कृषि र किसानका मुद्दामा महासंघले छुटै अवधारणा बनाएर अगाडी बढ्नु पर्नेछ । | विषयगत सवाल पहिचान अडान निर्माण साथै प्रमाणमा आधारित पैरवीलाई महासंघले अगाडी बढाउने छ | विषयगत सवाल पहिचान अडान तय गरि प्रमाणमा आधारित पैरवीलाई महासंघले अगाडी बढाएको छ । |
| विभिन्न साझेदार संघ संस्थाहरुसंग आर्थिक श्रोत जुटाइ असल कृषि नमुना अभ्यासलाइ विस्तार गर्दै लैजानु जरुरी देखिन्छ । | असल कृषि नमुना अभ्यासहरुलाइ देश भर फैलाउदै लैजान विभिन्न श्रोत साझेदारहरुसंग समन्वय गरि अघि वढ्नका लागि महासंघ निरन्तर लागिरहनेछ । | महासंघले विभिन्न श्रोत साझेदारहरुसंग समन्वय गरि हाल सम्म १७ वटा पालिकामा नमुना अभ्यास विस्तार गरिसकेको छ । |
| प्रस्तुतिकरणलाई अलि छोटो तथा तथ्यांङ्क सहितको प्रश्तुती भए बुझ्न अझ सहज हुने थियो । | सुझावका लागि धेरै धन्यवाद । | |

<table>
<tr><td><ul><li>किसान आवाजको निरन्तरता ।</li><li>धेरै भन्दा धेरै सफलताका कथाहरुको लाई प्रश्तुत गर्नु पर्ने ।</li><li>कार्यहरुलाई प्राथमिकता तोक्ने ।</li></ul></td><td></td><td></td></tr>
<tr><td>थप प्रभावकारीताको लागि उपस्थित मध्ये कृषकहरुको विचार सम्प्रेषण गराउन पाए अझ प्रभावकारी हुने देखिन्छ ।</td><td>सुझावका लागि धेरै धन्यवाद ।</td><td></td></tr>
<tr><td>महासंघको हरेक कार्यक्रममा कृषि विभागको सवै निकायलाई सहभागी गराउनु होला ।<br>कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको हरेक संरचनाबाट सकेको सहयोग लिनुस्, चाहिएको सहयोग माग्नुस् ।<br>मन्त्रालयबाट के के निर्देशन गर्नु पर्छ गर्न तयार छौं ।<br>कृषि विकास अन्तरगतका सम्पुर्ण संरचनाका कार्यक्रमहरुमा महासंघको प्रतिनिधी गराउन निर्देशन गर्ने छु ।</td><td><ul><li>सुझाव तथा प्रतिवद्धताका लागि धेरै धन्यवाद ।</li></ul></td><td></td></tr>
<tr><td colspan="3">अनुदानलाई व्यवस्थीत बनाउन महासंघले सहयोग गर्नु पर्छ । कृषि क्षेत्रमा अध्ययनको खाँचो छ । यसमा महासंघले तत्परता देखाउन सक्छ । विभागका युनिटहरु पुर्नसंरचना हुन गैरहेको छ । महासंघले कस्तो संरचना कल्पना गरेको छ आवाज प्रस्ताव ल्याउनुस ।</td></tr>
<tr><td colspan="3">साविकका ७५ र हाल ७७ जिल्ला समन्वय समिति अन्तरगतमा कृषि सेवा केन्द्र पशु सेवा केन्द्र र संघीय संरचना अनुसार २ वटै सरकार संग प्राप्त सहकार्य समन्वय र संघर्ष संगसंगै अगाडि बढाउदा कृषि उपजको खपत निर्यात र किसानको जिवनमा समृद्धी संगै हुन्छ ।</td></tr>
</table>

## २. आ.व.२०७७/०७८ को प्रगति समीक्षा

**क. अभियानगत प्रगति**

महासंघले आफ्ना गतिविधिलाई योजनाबद्ध ढङ्गले सञ्चालन गर्न बनाईएको पञ्चवर्षीय रणनीतिक योजनामा रहेका रणनीतिक उद्देश्य र क्रियाकलाप अनुरुप वार्षिक योजना बनाई महासंघले कार्यन्वयन गर्दै आएको छ । महासङ्घको रणनीतिक लक्ष्य अनुसारका क्रियाकलापः

**रणनीतिक लक्ष्यहरुः**

**रणनीतिक लक्ष्य १:** सदस्य समूहको भूमि, प्राविधिक सेवा, पुँजी र बजारमा पहुँचको सुनिश्चित गर्ने ।

**रणनीतिक उद्देश्य १.१**

सदस्य समूहको हक अधिकार सुनिश्चतताको लागि ऐन कानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरु निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने ।

**आ.व. २०७७/७८ मा महासङ्घले गरेको सवालगत पैरवी र उपलब्धि**

| सवाल | महासंघको पैरवी | उपलब्धि |
|---|---|---|
| रसायनीक मल अभाव | रसायनिक मल अभावको दिगो समाधानको लागि सम्बन्धित निकाय समक्ष अपिल र ध्यानाकर्षण राष्ट्रिय कृषक समूह महासंघ नेपाल, अखिल नेपाल किसान महासंघ, फियान नेपाल र खाद्य अधिकारका लागी राष्ट्रिय अभियान लगाएतका ४ वटा संस्थाहरुको संयुक्त विज्ञप्ति जारी | नेपाल सरकारले नेपालका किसानहरुको लागि आवस्यक पर्ने माग अनुसारको रसायनीक मल समयमा नै उपलव्ध गराउने प्रतिवद्धता प्राप्त भएको छ । |
| कृषि तथा किसान अधिकारको अभियान को दशौं वर्षमा घोषणा पत्र | कृषि तथा किसान अधिकारको अभियानको दशौं वर्षमा महासंघको सप्ताहव्यापि विभिन्न गतिविधीहरूमा विज्ञ, तथा अग्रजहरूबाट प्राप्त सुझाव एवं परिस्थितीको विश्लेषण को आधारमा महासंघले कार्यन्वयन गर्नुपर्ने पक्षहरुलाई समेटी ११ बुदे घोषणा | घोषणा पत्रको आधारमा महासंघको गतिविधिहरुको प्रगती समिक्षा र कार्यान्वयन |
| कृषि मन्त्री समक्ष खाद्य अधिकार तथा खाद्य संप्रभुता मस्यौदा नियामली २०७७ को सुझावपत्र तथा ध्यानाकर्षण | नागरिक संस्थाहरुको तर्फबाट राष्ट्रिय कृषक समूह महासंघ नेपाल, फियान नेपाल, गैरसरकारी संस्था महासंघ नेपाल, किसान महासंघ, मानव अधिकार एलाईन्स, राष्ट्रिय दलित नेटवर्क, राष्ट्रिय भूमि अधिकार मंच, सि.एस.आर.सि, जुरी नेपाल, राष्ट्रिय खाद्य अधिकार संजाल, दलित सेवा संघका प्रतिनिधिहरुको संयुक्त टोलीले ३ महले सुझावपत्र नवनियुक्त कृषि मन्त्री घनश्याम भुसाल समक्ष पेश गर्दै ध्यानाकर्षण गराएको थियो । | कृषि मन्त्री घनस्याम भुसालले कृषि क्षेत्रका समस्याहरुको समाधानका नागरिक संघ संगठनहरुको सुझावलाइ अधार बनाएर मन्त्री पदभार गरिरहँदा सम्ममा हरप्रयास अगाडी बढ्ने प्रतिवद्धता प्राप्त भएको छ । |
| विषयगत दिवासहरु सम्बन्धित क्षेत्रको सम्मान | धान दिवस, ४० औं खाद्य दिवस, अन्तराष्ट्रिय ग्रामिण महिला दिवस, अन्तराष्ट्रिय महिला दिवस, कोदो दिवस आदि मार्फत विषयगत सवाल उठान र पैरवी गरिएको छ । | सरकार तथा अन्य सरोकारवालाहरुको सहकार्यमा विभिन्न दिवसहरु मनाइँदै आएको र सरोकारवाला क्षेत्रहरुमा महासंघको |

| | | |
|---|---|---|
| | | प्रतिनिधित्व भई पहिचान स्थापीत भएको छ । |
| अभियान्ता विकास र सवालगत पैरवी | कृषि र किसानका समस्या पहिचान, सवाल निर्माण र अभियानको गतिशिलताको लागि महासंघले तहगत संरचनामा अभियान्ता विकास र क्षमता सुदृढिकरण गरेको छ । | त्हगत सवाल र संरचनाको अभियानमा सहजीकरण भएको छ । |
| जलवायु मैत्री कृषि नमुना अभ्यास विस्तार | जग्गा भाडामा लिइ गरिने करार खेती कृषि नमुना अभ्यासले मुसहर किसानहरुको जिविकोपार्जनमा सकारात्मक परिवर्तन | महासंघले सुरुवात गरेको जलवायु अनुकुलनीय कृषि नमुना अभ्यास, जग्गा भाडामा लिइ गरिने करार खेतीलाइ निरन्तरता दिइएको छ र यसको विस्तारका लागि विभिन्न स्थानीय सरकार संग समन्वय भइरहेको छ । |
| भारतीय किसानको आन्दोलनमा एक्यबद्धता | विश्व मानवको खाद्य सुरक्षामा महत्वपुर्ण भूमिका निर्वाह गर्ने साना, सीमान्त, भूमिहिन गरिव तथा आवाज विहिन भारतीय किसानहरुको आन्दोलनमा राष्ट्रिय कृषक समूह महासंघ,नेपालको एकबद्धता । | विश्वको खाद्य सुरक्षामा अमुल्य योगदान गर्ने किसान र कृषि क्षेत्रका जुनसुकै मुद्धाहरुमा महासंघले आफ्नो अडान प्रश्तुती र रचनात्मक भुमिका । |
| उखु किसानको समस्या समाधानका लागि सवालगत पहल | उखु किसानले वर्षौं देखी भुक्तानी नपाएर पिडामा रहेको किसानको तत्काल भुक्तानीका लागि सरकार तथा सम्बन्धित सरोकारवाला निकायहरुमा पहल तथा पैरवी | उखु किसानलाइ भुक्तानीको माग गरि सरकार समक्ष ध्यानाकर्षण साथै किसान आन्दोलनमा ऐक्यवद्धता, तत्काल सरकारले किसानलाइ उखुको मुल्य भुक्तानी गराउने प्रतिवद्धता प्राप्त |
| नवनियुक्त कृषि मन्त्री पद्म्मा अर्याल लाइ माग पत्र पेश | नवनियुक्त कृषि मन्त्री पद्म्मा अर्याल ज्यू लाइ मन्त्रालयमा नै भेट गरि स्वागत गर्दै महासंघले मागपत्र पेश गरेको छ । | महासंघको मागलाई कार्ययोजना कार्ययोजनामा समावेश गरि कृषि क्षेत्रलाइ अगाडी बढाउने प्रतिवद्धता प्राप्त भएको छ । |
| कृषि क्षेत्रमा प्रत्यक्ष बैदेशिक लगानी कीन | विभिन्न सरोकारवाला निकाय तथा पत्रकार सहितको सहभागीतामा कृषि क्षेत्रमा प्रत्यक्ष बैदेशिक लगानी किन? विषयक अन्तर्क्रिया ।<br>महासंघका तहगत संरचनाहरुले सम्बन्धित निकायमा विरोध र ध्यानाकर्षण ।<br>शान्तिपुर्ण धर्ना कार्यक्रम, विज्ञप्ती, ध्यानाकर्षण तथा कृषि सम्बद्ध अन्य संघ संगठनहरुको क्रियाकलापहरुमा सरिक र एक्यवद्धता । | देशका साना किसानको आवाज वुलंद बनाउँदै कृषि क्षेत्रमा प्रत्यक्ष बैदेशिक लगानीको प्राबधान ल्याउँदा हुने वेफाइदाहरुमा सरकारको ध्यानाकर्षण गराइएको छ । |

| | | |
|---|---|---|
| किसानको उत्पादनको समर्थन मुल्य निर्धारणका लागि सरकार संग पहल र पैरवी | किसानको उत्पादीत वस्तुहरु अन्न, फलफुल, तथा अन्य नगदे वालीहरुको समेत समर्थन मुल्य तोकिनु पर्ने र तोकिएको मुल्यामा किसानको उत्पादन विक्रीको वाताबरण बनाईनु पर्ने विषयमा देश व्यापी अभियान तथा सरकार/सरोकारवाला समक्ष पहल र पैरवीमा निरन्तरता । | सरकारले धान र गहुँमा समर्थन मुल्य तोकेके छ । |
| प्रदेश तहको कृषि ऐन निर्माणमा सहजीकरण | किसानको सवाल, कृषि ऐन निर्माण र नीति तथा योजनामा सम्बोधन हुनु पर्ने विषयमा पदेश नं. २ स्तरीय अन्तर्क्रिया र मस्यौदा हस्तान्तरण | प्रदेश तहको कृषि ऐन निर्माण प्रकृया सुरुवात भएको छ । |
| यात्रा गोष्ठि र नीतिगत पैरवी एकैसाथ | राष्ट्रिय कृषक समूह महासंघ नेपालले सञ्चालित कृषि नमुना विकास अभ्यासहरु करार खेती, पोषण व्यवहार परिवर्तन नमुना, कोभिड प्रतिकार्य कार्यक्रमको प्रभावकारिता, तहगत सरकार सँग महासंघको सहकार्य, नीतिका समावेश र कार्यान्वयन अवस्था बार प्रदेश २ भूमि व्यवस्था मन्त्रालयका माननीय मन्त्री शैलेन्द्र प्रसाद साह ज्यू, सचिव सम्झना कुमारी काफ्ले पाण्डे ज्यू, भगवानपुर गाउँपालिका तथा सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष ज्यूहरू, केयर नेपालका Country Director Rachel Wolff & Assistant Country Director Mona Sherpa, महासंघको तहगत संरचनाका प्रतिनिधि कृषक समूह, एवं किसान सहितको अनुगमत तथा छलफल साथै प्रदेश सरकारले कृषि विकासको सोच र कृषक समूह परिचालन एवं महासंघ बिचको सहकार्यको सम्भावना, कृषि नमुना विस्तार एवं नीतिगत सम्बोधन लगायतका विषयमा छलफल | कृषि नमुना अभ्यास विस्तारको रणनिति तय भएको छ र अन्य स्थानमा विस्तारका लागि समन्वय र नीतिगत ब्यवस्थाका लागि पहल गर्ने प्रतिवद्धता सरकार मार्फत प्राप्त भएको छ । |
| किसानको उत्पादनको बक्यौत रकम भुक्तानी दिन माग | दुग्ध बेचेर नै गुजारा चलाएका किसानहरूलाई महिनौं महिनासम्म पनि सरकारी तथा गैर सरकारी देखी उद्योगीहरूले दुग्धको बक्यौता रकम भुक्तानी नदिँदा किसान मर्कामा परेका छन् । व्यवसाय सञ्चालन गर्न बैङ्कबाट लिएको ऋण तिर्न, गाई भैंसीलाई ढुटो, पराल, दाना खरिद गर्न र परिवार चलाउन किसानहरूलाई धौ धौ परिरहेको गुनासाहरू प्राप्त भएका छन् । यसरी समयमा दुग्धको बक्यौता भुक्तानी नदिएकोले किसान मारमा परेको प्रति किसान अधिकारको लागि समर्पित रही किसानको अधिकारको वकालत गर्ने किसानको सङ्गठन राष्ट्रिय कृषक समूह महासंघ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । | किसानको उत्पादनको बक्यौता रकम भुक्तानी दिलाउने सरकारले प्रतिवद्धता दिएको । |
| यात्रा गोष्ठि र नीतिगत पैरवी एकैसाथ | मंडनदेउपुर नगरपालिका वार्ड नं. ६, काभ्रेपलाञ्चोक जिल्लाको मालिकास्थान स्थित मिलन महिला कृषक समूह र इन्द्रावती गाउँपालिका १०, सिन्धुपाल्चोक जिल्लाको बडहरे स्थित श्रीजनशिल महिला कृषक समूहमा संचालित कृषि वन | स्थानीय तह संग किसानका सवाल र असल अभ्यास बारे सिकाइ आदन प्रदान सम्पन्न भयो । स्थानीय सरकारले यस्ता गतिविधिहरुलाई |

| | | |
|---|---|---|
| | सहज कार्यक्रम अन्तर्गतका केहि गतिविधीहरू अनुगमन । साथै मंडनदेउपुर नगरपालिकाका प्रमुख श्री टोप बहादुर वाइवाको आतिथ्यतामा पालिकाको सवाहलमा आज कृषि वन सहज कार्यक्रमको सिकाइ आदन प्रदान कार्यक्रम सम्पन्न भयो । | आफ्ना नीति र योजनामा समावेश गर्ने प्रतिवद्धता प्राप्त भएको छ । |
| कृषि विमा स्थानीयकरण र ८० प्रतिशत पुरयाउन पैरवी | कृषि विमा स्थानीयकरण गराउनका लागि विभिन्न स्थानीय तहहरुका प्रतिनिधिहरु संग समन्वय र छलफल । | सरकारले विमा प्रमियमको अनुदान ८० प्रतिशत पुर्‍याएको छ । |
| कोरना कहर | महासंघले कोरोनाको विषम परिस्थितिमा कृषि तथा खाद्य संस्कृति बचाउनको निम्ति नेपाल सरकार, सम्बन्धित सरोकारवाला एवं आम किसानमा अपिल गरेको छ । महासंघले विभिन्न विषय बुँदागत विषयमा सरोकारवालाहरूको ध्यानर्कषण गराएको छ । पत्रिका मार्फत कृषिलाई विशेष प्राथमिकता र राहतको लागि अपिल र धारणा ब्यक्त ।<br><br>कारोना महामारीले विश्वलाइनै प्रभाव पारेको अवस्थामा नेपालको कृषि तथा खाद्य प्रणालीमा परेको असर न्युनीकरणका लागि सरकारले थाप योजना बनाउन र नेपालको कृषि क्षेत्र सुधार ल्याउन विभिन्न ४ नागरीक संगठनहरु संग मिलि संयुक्त विज्ञप्ती र सरकार तथा सरकारवालाहरुको ध्यानाकर्षण । | कोभिडको अवस्थामा कृषि कर्मलाई प्राथमिकता दिई खुल्ला गरिएको । |
| सरकारको वार्षिक नीति तथा कार्यक्रम | संघिया एवं प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेटमा सुझाव पेश तथा सरकारको २०७८-०७९ को बार्षीक नीति तथा कार्यक्रम र बजेट विश्लेषण सहित सरकार तथा सरोकारवालाहरुको ध्यानाकर्षण | महासंघले पेश गरेका मागहरु तहगत सरकारका नीति तथा कार्यक्रम मार्फत किसान परिचयपत्र, कृषि विमा, करारखेती, सहुलियत, अनुदान, दिगो कृषि लगायतका मागहरु सम्बोधन भएको छन् । |
| खाद्य प्रणाली रुपान्तरण | दिगो खाद्य प्रणालीमा उत्पादक समूह एबं साना किसानको योगदान बिषयमा नेपालमा कृषि, भूमि, बन, सिचाई, खाद्य र कृषि संचरमा कार्यरत नागरिक संगठनहरुले “सिमान्तकृत समुदायको अधिकार दिगो खाद्य प्रणालीको मूल आधार” भन्ने नाराको साथ राष्ट्रिय तह र सातवटै प्रदेश तहमा स्वतन्त्र सम्बादहरु संचालन गरि विषयको स्थानियकरण गर्दै खाद्यप्रणालीमा योगदान गर्न समुदायको सवाल एवं सुझाव संकलन गरि सरकार समक्ष पेश गरेको छ । | सरकारको तर्फबाट खाद्य पणाली सम्मेलनमा प्रश्तुत गरिने दस्तावेजमा महासंघले उठाएका सवालहरुले स्थान पाएको छ । |

**रणनीतिक उद्देश्य १.२**

सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र वातावरण मैत्री कृषि पद्धति अवलम्वन गर्ने ।

➢ **स्थानीय सरकार र महासंघ विचको सहकार्यमा जलवायु मैत्री कृषि नमुना विकासका कामहरुलाई महासंघले विस्तार गरेको छ ।**

| जलवायु मैत्री कृषि नमुना | विकास | विस्तार |
|---|---|---|
| किसान पहिचान, वर्गीकरण, परिचयपत्र र त्यसको आधारमा सामाजिक सुरक्षाको सुनिश्चितता | बेलका नगरपालिका, उदयपुर | सखुवानन्कारकटि सिरहा, कन्काई झापा, सिद्धिचरण ओखलढुंगा, सुनकोशी ओखलढुगा, सिरानचोक गोरखा, सन्दकपुर इलाम |
| जग्गा भाडामा लिई संचालन गरिने खेती (विभिन्न १९ वटा समुदायमा)<br>कृषि मौषमी परामर्श सेवा | भगवानपुर<br>भगवानपुर<br>गाउँपालिका सिरहा | सखुवानन्कारकटि सिरहा<br>गोलबजार सिरहा<br>कटारी उदयपुर<br>बेलका उदयपुर |
| कृषि तथा पशुपंक्षि विमाको स्थानीयकरण | सुनकोशी गाउँपालिका ओखलढुँगा | चिसंखुगढि ओखलढुंगा,सिद्धिचरण ओखलढुंगा सखुवानन्कारकटि सिरहा नवराजपुर सिरहा भगवानपुर सिरहा |

- विद्यमान खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ मा किसान पहिचान, वर्गिकरण सहितको प्रावधानको स्पष्ट व्यवस्था उल्लेख भएको छ। स्थानीय, प्रदेश र संघिय सरकारका नीति तथा कार्यक्रम मार्फत यस कार्यको विस्तार भएको छ ।

- स्थानीय सरकारसंगको साझेदारीतामा गरिएको यस अभ्यासबाट सिमान्त समुदायका ९२० मुसहर एवं दलित परिवारका ४५६० जना लाभान्वित भएका छन् । सिमान्त गरिव, भूमिहिन र साना किसानको जीविकोपार्जनको कोशेढुंगाको रुपमा यस अभ्यास स्थापित भएको छ ।

- स्थानीय सरकारको अगुवाईमा विमा कम्पनी र महासंघ समेतको साझेदारीमा गरिएको अभ्यासमा २५०० भन्दा बढि किसानहरु सरिक भएका छन् । किसानले यस प्रकृयामा सरिक भई यस अवधिमा क्षतिपूर्ति बापत ४६,००,०००। बराबर भुक्तानी प्राप्त गरेका छन् ।

- महासंघले सहजिकरण श्रोत पुस्तिकाको प्रयोग गरि अभियान्तामार्फत स्थानीय तहमा नमुना विस्तारलाई अगाडि बढाएको छ ।

- ९० वटा समूहका किसानहरु पोषण बगैचा, २५ वटा समूहका किसानहरु दिगो कृषिका अभ्यास सरिक भएका छन् । ६५० परिवारमा पोषण कार्यक्रम मार्फत स्वच्छन्दता एवं जिविकोपार्जनका गतिविधिहरु संचालन गरिएको छ ।

- कोभिड १९ महामारीले प्रभावीत किसानहरुको दिगो खाद्य सुरक्षाका लागि आवस्यक पर्ने आधारभुत वस्तु र सचेतिकरण एवं सामाग्रीहरु लगाएतको प्रतिकार्य क्रियाकलापहरु सिरहा, उदयपुर सम्पन्न भएको छ ।

- राष्ट्रिय कृषक समूह महासंघ नेपालले सञ्चालित कृषि नमुना विकास अभ्यासहरु करार खेती, पोषण व्यवहार परिवर्तन नमुना, कोभिड प्रतिकार्य कार्यक्रमको प्रभावकारिता, तहगत सरकार सँग महासंघको सहकार्य, नीतिका समावेश र कार्यान्वयन अवस्था बार प्रदेश २ भूमि व्यवस्था मन्त्रालयका माननीय मन्त्री शैलेन्द्र प्रसाद साह ज्यू, सचिव सम्झना कुमारी काफ्ले पाण्डे ज्यू, भगवानपुर गाउँपालिका तथा सखुवानन्कारकट्टी गाउँपालिकाका अध्यक्ष ज्यूहरू, केयर नेपालका Country Director Rachel Wolff & Assistant Country Director Mona Sherpa, महासंघको तहगत संरचनाका प्रतिनिधि कृषक समूह, एवं किसान सहितको अनुगमत तथा छलफल साथै प्रदेश सरकारले कृषि विकासको सोच र कृषक समूह परिचालन एवं महासंघ बिचको सहकार्यको सम्भावना, कृषि नमुना विस्तार एवं नीतिगत सम्बोधन लगायतका विषयमा छलफल

### रणनीतिक उद्देश्य १.३

- छरिएर रहेका भूमिहीन, सिमान्त र साना महिला तथा पुरुष कृषकहरुलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरुमा आवद्ध गर्दै संगठीत गर्ने ।

| उपलब्धि | आ. २०७५र७६ | आ. ०७६ र ०७७ | आ. २०७७ र ०७८ |
|---|---|---|---|
| गोलबद्ध किसान सदस्य | ८९४२५ | १०५००० | १,१०,००० |
| सदस्य समूहहरू महासङ्घमा आबद्ध | ३५७७ | ४२५० | ४५०० |
| जिल्ला महासङ्घ बिस्तार | ५६ | ५९ | ६३ |

- राज्यको नयाँ संरचनाअनुसार वडा, पालिका, जिल्ला, प्रदेश र सङ्घमा महासङ्घको संरचना रहने गरी विधानमा व्यवस्था भई सोहीअनुसार कृयाशिल रहेको छ ।
- महासंघको विधानत ब्यवस्था अनुरुप वार्षिक योजनाको समक्षिा, वार्षिक कृयाकलापहरुको अनुमोदन एवं आगामि योजना निर्माण गरि महासंघको पाँचौ राष्ट्रिय परिषद सम्पन्न भएको छ ।

## रणनीतिक लक्ष्य २: साझेदारहरुसंग संस्थागत सहकार्य सुदृढ गर्ने ।

### रणनीतिक उद्देश्य २.१:

महासंघको दिगो स्रोत र सहयोगको लागि प्रकृति मिल्दो श्रोत साझेदार तथा दात्री निकायहरुसंग सहकार्य अभिवृद्धि गर्ने ।

| श्रोत साझेदार | साझेदारीको क्षेत्र |
|---|---|
| केएर नेपाल | महासङ्घको रणनीतिक उद्देश्य प्राप्तिका लागि साना तथा सीमान्तकृत कृषकहरू विशेषतः महिला किसानको सशक्तीकरण तथा खाद्य अधिकारमा पहुँच अभिवृद्धि गर्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरूसँग जुध्न समुदायसँग मिलेर अनुकूलनका लागि कृषि नमुना विकास तथा प्रवर्धनका प्रयासमा समुदायलाई सहयोग ।<br>सिरहा जिल्लाको भगवानपुर गाउँपालिकामा गर्भवती महिला, बालबालिकालाई लक्षित गरी पोषण अभ्यास साथै कोरोना प्रतिकार्य कार्यक्रम । |

| | |
|---|---|
| | महिला किसानको वित्तमा पहुच, आर्थिक शसक्तिकरण एवं कृषि उद्यमी विकास |
| भिएसओ | खाद्य अधिकार तथा खाद्य संप्रभुता ऐन २०७५ को स्थानीयकरण एवं अन्तराष्टिय खाद्य प्रणाली सम्मेलनमा संलग्नता र योगदान |
| एफ ए ओ/आईयुसिएन नेपाल | सिमान्त समुदायको जीविकोपार्जन तथा जलवायु उत्थानशि क्षमता विकासको लागि काभ्रको देउपुर मण्डन र सिन्धुपाल्चोकको ईन्द्रवती गाउँ पालिका र नवलपुरका कवासोती नगरपालिकामा कार्यक्रम संचालन गरिएको छ। |
| तहगत सरकार | कृषि नमुना विस्तारको लागि तहगत सरकारसंग श्रोत साझेदारी, नीतिगत सहकार्य रहेको छ। |
| आन्तरिक स्रोत | सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासङ्घले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ। |

**रणनीतिक उद्देश्य २.२: महासंघको आन्तरिक स्रोतसाधनको वृद्धि, परिचालन र व्यवस्थापन गर्ने।**

**आन्तरिक स्रोत** : सदस्यता नवीकरण शुल्क, इच्छादानअन्तर्गत महासङ्घले आन्तरिक स्रोत सङ्कलन गरी संस्थागत क्रियाकलापमा परिचालन गर्दै आएको छ।

**रणनीतिक लक्ष्य ३**: महासंघको संस्थागत विकास र नेतृत्व क्षमता अभिवृद्धि गर्न निरन्तरता प्रदान गर्ने।

- महासङ्घको अभियानलाई अनुशासित र मर्यादित बनाउन बनेका विभिन्न १५ नीति कार्यान्वयनमा छन्।
- नियमितरूपमा राष्ट्रिय सचिवालय, कार्यसमितिको बैठक, समीक्षा, छलफल गरी अभियान अगाडि बढाइएको छ
- सहभागितामूलक कार्यक्रम विकास, योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागितामूलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तीय प्रणाली तथा नीति नियमको पालना, मानवस्रोत र अन्य बन्दोबस्त, पैरवी क्षमता जस्ता क्षेत्रअनुसार निर्धारण भएका विभिन्न १०० सूचकभित्र रही सहभागितामूलक संस्थागत क्षमता विश्लेषण एवं सुधार योजना निर्माण गरी महासङ्घले आफूलाई स्वमूल्याङ्कन गर्दै आइरहेको छ।
- महासङ्घको राष्ट्रिय कार्यसमिति बैठकले राज्यको पुरर्संरचनाअनुसार वडा, पालिका, जिल्ला प्रदेश र राष्ट्रिय तहमा महासङ्घको संरचनाहरू कायम गरी सोही संरचना अनुसारको अभ्यास गरिएको छ।

**रणनीतिक उद्देश्य ३.१:**महासंघको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने।

- महासङ्घमा आबद्ध ४५०० समूहमा नियमित बैठक, हित कोष सङ्कलन, समूह नवीकरण, हक/अधिकार, सेवा/सुविधाबारे छलफल।
- किसानमा बचत/लगानी/पारदर्शिता/कृषि, पशु सेवाबारे छलफल/समूहको नियमित बैठकमा सहभागिता /समूहस्तरीय सवालहरूको पहिचान एवं स्रोत खोजीमा सहजीकरण।
- स्थानीय सरकार एवं प्रदेशस्तरीय सरकारका समक्ष कृषि र किसानका सवालमा आधारित अन्तरक्रिया गरी अडानपत्र पेश।

- स्थानीय तहको  योजना तर्जुमा प्रक्रिया, किसानका सवालबारे अभिमुखीकरणका साथै पालिका तहले बनाएको नीति तथा कार्यक्रमबारे पालिका प्रमुखसँग साक्षात्कार गरी किसानमैत्री अभ्यासका लागि अवधारणापत्र पेश ।
- स्थानीय तहका ३३ वटा पालकाको कृषि ऐन तर्जुमामा सहजिकरण ।
- गाउँ तथा नगर महासङ्घमार्फत लक्षित समुदायमा कृषक समूह गठन, नवीकरण, परिचालनमा सहजीकरण, स्रोतको खोजीलगायत किसान अधिकारबारे नियमित सशक्तीकरणका कार्यक्रमहरू सञ्चालन  ।

**रणनीतिक उद्देश्य ३.२:**

कृषकहरुको गैरराजनीतिक छाता संगठनको रुपमा विभिन्न तहमा प्रतिनीधित्व सुदृढ गरी कृषिक्षेत्रमा कार्यरत विषयगत संघसंस्थाहरुसंग सहकार्य एवं सञ्जालीकरण गर्ने ।

- सवाल मिल्ने सङ्घ/संस्थासँग सहकार्य गर्ने रणनीतिअनुरूप महासङ्घले विभिन्न समितिमा प्रतिनिधित्व एवं सङ्घ/संस्थासँग सहकार्य गर्दै आएको छ ।

**क. स्थानीय तह**

- सिद्धिचरण,सुनकोशी, कटारी, बेलका, सखुवानन्कारकटिट, विष्णुपुर, भगवानपुर गाउँपालिकाहरूले कृषिसँग सम्बन्धित नीतिगत छलफलमा महासङ्घको सहभागितालाई प्राथमिकतामा राखेका छन् ।
- विभिन्न १७ वटा पालिकामा करार खेती, किसान परिचयपत्र, कृषि बिमा, आवधिक योजना, कृषि नीति निर्माण कार्यमा स्रोत साझेदारी रहेको छ ।
- अन्तर्राष्ट्रिय महिला दिवस, धान दिवस,  प्राङ्गारिक कृषि मेला आदिमा तहगत सरकारसंग सहकार्य गरिएको छ ।
- स्थानीय उद्देश्य मिल्ने संस्था (जस्तै- प्राकृतिक स्रोतमा काम गर्ने संस्था, किसान अधिकारमा सहयोग गर्ने संस्था) हरू
- सरोकारवाला सरकारी निकाय (वडा, गाउँपालिका, नगरपालिकाका आर्थिक समिति साथै कृषिसँग सम्बन्धित समिति) हरू

**ख. प्रदेश तह**

- प्रदेश स्तरीय खाद्यसुरक्षा सुचना प्रणाली निर्देशक समिति

**ग. राष्ट्रिय तह**

क. कृषि मन्त्रालयअन्तर्गतको पारिवारिक खेती दशक
(राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति) सदस्य
ख  कृषि, खाद्य सुरक्षा र पोषण क्षेत्र (दिगो विकास मञ्च) संयोजक
ग.  सञ्चालक समिति (एसिया प्रशान्त क्षेत्रीय किसान कार्यक्रम) सदस्य
घ.  राष्ट्रिय जैविक समिति, सदस्य
ङ.  स्थानीय ज्ञान प्रवर्द्धन कार्यक्रम, विश्व सञ्जाल सदस्य
च.  राष्ट्रिय किसान सञ्जाल, सदस्य
छ.  राष्ट्रिय खाद्य अधिकार सञ्जाल
ज.  राष्ट्रिय किसान आयोग आबद्धता

## ख. आर्थिक विवरण

२०७७ श्रावण १ देखि २०७८ आषाढ ३१ सम्म

**प्राप्ति खर्च विवरण**

| **प्राप्ति विवरण** | **रकम रु** | **खर्च विवरण** | **रकम रु** |
|---|---|---|---|
| शुरु मौज्दात गत आर्थिक बर्ष | १,०८२,७०२।०० | | |
| केयर नेपाल (सामर्थ्य परियोजना) | १५,५२८,०५०।०० | केयर नेपाल (सामर्थ्य परियोजना) | १३,४५८,७१३।०० |
| केयर नेपाल (पोषण परियोजना) | ४,१७६,२३२।०० | केयर नेपाल (पोषण परियोजना) | ४,२३८,२९३।०० |
| केयर नेपाल (स्वास्थ्य परियोजना) | २३५,६३६।०० | केयर नेपाल (स्वास्थ्य परियोजना) | २३५,६३६।०० |
| केयर नेपाल (आर. जी. ए. परियोजना) | ८०,०००।०० | केयर नेपाल (आर. जी. ए. परियोजना) | ८०,०००।०० |
| केयर नेपाल (कोभिड १९ आकस्मिक परियोजना | १,१०२,०००।०० | केयर नेपाल (कोभिड १९ आकस्मिक परियोजना | |
| एफ ए ओ (एफ एफ एफ परियोजना) | ४८४,६८०।०० | एफ ए ओ (एफ एफ एफ परियोजना) | ८४,५४६।०० |
| **संस्थागत** | | **संस्थागत** | |
| महाधिबेशनको लागि आम्दानी | १,३००।०० | बैंक चार्ज संस्थागत | १५०।०० |
| अन्य आय | २७,३२०।०० | विद्यान छपाइ खर्च | ५७,६३०।०० |
| केन्द्रिय कोष जम्मा | १६,७४०।०० | किसान डायरी छपाई खर्च | २७,८००।०० |
| | | लेटर प्याड छपाई खर्च | १९,४६९।०० |
| | | नवौं स्थापना दिवश कार्यक्रम | ३१,२४९।०० |
| | | सचिवालय बैठक खर्च | ३७,४९०।०० |
| | | अफिस स्थानान्तरण खर्च | ११,९००।०० |
| | | संस्था नविकरण खर्च | ५,३५०।०० |
| **जम्मा रकम** | २२,७३४,६६०।०० | **जम्मा रकम** | १८,२८८,२२६।०० |

| | |
|---|---|
| **खर्च हुन बाँकी मौज्दात (Fund Balance)** | ४,४४६,४३४।०० |

**कोष**

| | |
|---|---|
| बैक मौज्दात (Bank Balance) | ४,७०७,३२४।०० |
| नगद मौज्दात (Cash Balance) | २२,५०९।०० |
| पेश्कि (Advance) | ६४,१९६।०० |
| आउन बाँकी (Receivable from Care) | ( |
| भुक्तानी दिन बाँकी (Payable) | ३३०,८५५।०० |
| संचित कोष | १६,७४०।०० |
| **जम्मा (Fund Balance)** | ४,४४६,४३४।०० |

**अनुसूची १: बैक मौज्दात (Bank Balance)**

| | |
|---|---|
| राष्ट्रिय बाणिज्य बैक | ४४२,१९२।०० |
| स्टयान्डर्ड चार्टड बैक | २,३०७,५८३।०० |
| एन.आई.सी. एसिया बैक | १,१०२,०००।०० |
| एन.आई.सी. एसिया बैक, सिरहा | ० |
| ग्लोबल आई एम ई बैक सिरहा | २८,४२७।०० |
| ग्लोबल आई एम ई बैक उदयपुर | ५,०१३।०० |
| कुमारी बैक उदयपुर | १,७२३।०० |
| सिभिल बैक ओखलढुंगा | ६,६८९।०० |
| कृषि विकास बैक | ७६८,१७२।०० |
| नविल बैक | ९,९९९।०० |
| एभरेष्ट बैक | ३५,५२६।०० |
| **जम्मा** | ४,७०७,३२४।०० |

**अनुसुचि २ : नगद मौज्दात (Cash Balance)**

| | |
|---|---|
| सानो नगदी कोष केन्द्रिय कार्यालय | ८,८४५।०० |
| सानो नगदी कोष सिरहा | १९४।०० |
| सानो नगदी कोष उदयपुर | ८,२००।०० |
| सानो नगदी कोष ओखलढुंगा | ५,२७०।०० |
| **जम्मा** | २२,५०९।०० |

## अनुसुची ४ : भुक्तानी दिन बाँकी (Payble)

२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म

| क.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | **केयर नेपाल (सामर्थ्य परियोजना अन्तर्गत)** | **१,९४,६८९।००** |
| | टी.डि.एस. बाँकी | १,०६४।०० |
| | दिलिप कुमार साह | ३,११५।०० |
| | कर्मचारी अवकास कोष कट्टी बाँकी | ३१,६८५।०० |
| | हेम कुमार घिमिरे | ८,४००।०० |
| | आई. टी. एक्सपर्ट सोलुसन प्रा. लि. काठमाडौं | ४,३५६।०० |
| | कुन्ता देवी स्टेशनरी सेन्टर ओखलढुंगा | २,७००।०० |
| | नागरिक लगानी कोष बाँकी मौज्दात | ८७,०८४।०० |
| | रेवती राज कटवाल | ६,३००।०० |
| | सरस्वती कटवाल | ४,३४३।०० |
| | सिप्को बिजनेश प्रिन्टिङ सिस्टम | ४२,०३४।०० |
| | टेक नाथ घिमिरे | ३,१८८।०० |
| | बेदा कुमारी बस्नेत | ४००।०० |
| | बिपिन कुमार मानन्धर | २०।०० |
| २ | **केयर नेपाल (पोषण परियोजना अन्तर्गत)** | ( |
| ३ | **एफ ए ओ (एफ एफ एफ परियोजना)** | **१०,००८।००** |
| | टी.डि.एस. बाँकी | ७९०।०० |
| | सामर्थ्य परियोजना | ९,२१८।०० |
| ५ | **संस्थागत** | **१२६,१५८।००** |
| | समुहमा सदस्यता शुल्क बापत भुक्तानी दिनुपर्ने रकम | २९,२००।०० |
| | जिल्लालाई दिन बाँकी भुक्तानी | ४९,६८०।०० |
| | उद्धब अधिकारी | १,०५०।०० |
| | सुप्रेस प्वाईन्ट | ४४,९८०।०० |
| | टी.डि.एस. बाँकी | १,२४८।०० |
| | **जम्मा** | **३,३०,८५५।००** |

## अनुसुची ५ : पेशिक वा भुक्तानी लिनबाँकी (Advance and Receivable)

२०७६ श्रावण १ देखि २०७७ असार ३१ सम्म

| क्र.सं. | विवरण | रकम रु |
|---|---|---|
| १ | **केयर नेपाल (सामर्थ्य परियोजना अन्तर्गत)** | **२३,६९६।००** |
| | टेलिफोन पेश्कि | ५,९७८।०० |
| | राम कुमार बुढाथोकी | ८,५००।०० |
| | एफ.एफ.एफ. परियोजना | ९,२१८।०० |
| २ | **केयर नेपाल (पोषण परियोजना अन्तर्गत)** | **०** |
| ३ | **एक्सन एड** | **०** |
| ५ | **संस्थागत** | **४०,५००।००** |
| | बिपिन कुमार मानन्धर | ३५,०००।०० |
| | नरेश जयसवाल | ३,०००।०० |
| | रामकुमार बुढाथोकी | २,५००।०० |
| | **जम्मा** | **६४,१९६।००** |

## ४. सातौं सामाजिक लेखाजोखाको खर्च विवरण

**सामाजिक लेखाजोखा (२०७६)**
**बजेटसँग खर्चको तुलना**

| क्र.सं. | विवरण | अनुमानित बजेट | | जम्मा बजेट | खर्च रकम |
|---|---|---|---|---|---|
| | | परियोजना अन्तर्गत | संस्थागत अन्तर्गत | | |
| १ | फ्लेक्स र ब्यानर | 500.00 | - | 500.00 | 2,400.00 |
| २ | भिडियो तयारी र उत्पादन | 7,000.00 | - | 7,000.00 | 7,000.00 |
| ३ | बार्षिक संगालो प्रकाशन | - | - | - | |
| ४ | सहभागी यातायात खर्च | 16,000.00 | - | 16,000.00 | 26,870.00 |
| ५ | खाजा/खाना खर्च | 50,000.00 | - | 50,000.00 | 60,472.00 |
| ६ | अध्ययन र तयारी | 54,000.00 | - | 54,000.00 | 54,000.00 |
| ७ | संचार | 2,000.00 | - | 2,000.00 | - |
| ८ | अन्य तयारी | 1,000.00 | - | 1,000.00 | - |
| ९ | जिल्ला पदाधिकारीहरुलाई डि.एस.ए. | - | 12,800.00 | 12,800.00 | |
| १० | सचिवालय सदस्यहरुलाई डि.एस.ए. | - | 18,000.00 | 18,000.00 | |

| | जम्मा रकम | 130,500.00 | 30,800.00 | 161,300.00 | 150,742.00 |
|---|---|---|---|---|---|
| | | | | | |
| | जम्मा बजेट | 161,300.00 | | | |
| | जम्मा खर्च | 150,742.00 | | | |

## ४. छैटौं सामाजिक लेखाजोखाको खर्च विवरण

**सामाजिक लेखाजोखा (२०७६)**
**बजेटसँग खर्चको तुलना**

| क.सं. | विवरण | अनुमानित बजेट | | जम्मा बजेट | खर्च रकम |
|---|---|---|---|---|---|
| | | परियोजना अन्तर्गत | संस्थागत अन्तर्गत | | |
| १ | फ्लेक्स र व्यानर | 500.00 | - | 500.00 | 2,400.00 |
| २ | भिडियो तयारी र उत्पादन | 7,000.00 | - | 7,000.00 | 7,000.00 |
| ३ | बार्षिक संगालो प्रकाशन | - | - | - | |
| ४ | सहभागी यातायात खर्च | 16,000.00 | - | 16,000.00 | 26,870.00 |
| ५ | खाजा/खाना खर्च | 50,000.00 | - | 50,000.00 | 60,472.00 |
| ६ | अध्ययन र तयारी | 54,000.00 | - | 54,000.00 | 54,000.00 |
| ७ | संचार | 2,000.00 | - | 2,000.00 | - |
| ८ | अन्य तयारी | 1,000.00 | - | 1,000.00 | - |
| ९ | जिल्ला पदाधिकारीहरुलाई डि.एस.ए. | - | 12,800.00 | 12,800.00 | |
| १० | सचिवालय सदस्यहरुलाई डि.एस.ए. | - | 18,000.00 | 18,000.00 | |
| | **जम्मा रकम** | **130,500.00** | **30,800.00** | **161,300.00** | **150,742.00** |

| | |
|---|---|
| **जम्मा बजेट** | **161,300.00** |
| **जम्मा खर्च** | **150,742.00** |

## ३. महासङ्घको प्रतिवद्धता

महासंघ स्थापनाको ११ वर्षको अवधिमा महासंघले गरेका असल र सफल कार्य एवं त्यसबाट भएका सिकाईहरुको जोखाजोखार आगामी रणनीति उदेश्य तय गरी  भाद्र १७ देखि २३ सम्म महासंघले **स्थापना सप्ताह** सम्पन्न भएको छ ।

**स्थापनाको एघार वर्ष वार्षिकोत्सव कार्यक्रम २०७८ को निचोड एवं कार्यदिशाः**

- स्थानीय तहमा कृषिका क्षेत्रगत विज्ञको व्यवस्था साथै कृषिसम्बद्ध निकाय र कार्यालयहरुको समन्वयको लागि तहगत सरकारसंग पैरवी गरिनेछ ।
- कृषि प्रसारलाइ थप व्यवस्थित बनाउन कृषक समूह, पशु सेवा समूह र कृषक समूह महासंघलाइ परिचालन गर्न छुट्टै ऐन बनाइ सोहि अनुसार परिचालन गरिनु पर्दछ यसको लागि पहल गरिनेछ ।
- कृषक समूहरुले स्थानीय लेखा नम्बर अनिवार्य रुपमा लिनॅ पर्ने ब्यवस्थाका कारण कृषक समूहहरु राज्यको सेवा सुविधाबाट बंचित बन्न पुगेकाले यस ब्यवस्था अविलम्ब खारेजिको लागि पैरवि गरिनेछ ।
- भू-उपयोग ऐनको मर्म वमोजिम कृषि भूमिको खण्डिकरण र कित्ताकाट तत्काल रोक्न र प्रगतिशील भूमि सुधारको मुद्धा सम्बोधन गर्न आवश्यक नियामावली एवं निर्देशिकाहरु जारी गरी अविलम्ब किसान र भुमिहीनका पक्षमा कार्यन्वयनको लागि पैरवी गरिनेछ ।
- कृषि उत्पादनको बजारीकरण र उचित मुल्य निर्धारण साथै समर्थन मुल्य कार्यन्वयनमा देखिएको समस्याको लागि स्थानीय तहको अगुवाईमा तहगत संरचना परिचालन गरिनेछ ।
- किसानको पहिचान, वर्गिकरण, परिचयपत्र र त्यसको आधारमा सेवा सुविधा  उपलब्ध गराउने थिति र विधिको लागि स्थानीय सरकारलाई आवश्यक सहजिकरण साथै सहकार्य गरिनेछ ।
- साथै स्वस्छ उत्पादन र स्वास्थ्य जीवनको लागि जैविक खेती र दिगो कृषिलाई ब्यवसायिकरणको लागि नीतिगत पैरवी साथै उत्पादक समुहको सहभागितामुलक सुनिश्चितता प्रणाली विकास र कार्यन्वयनको लागि तहगत सरकारसंगको सहकार्य र कृषक समुहसंग हातेमालो गरिनेछ ।
- सिमान्त र साना किसान वर्गहरुले अधिया/बटैया, ठेक्कामा खेती गर्ने स्थानीय अभ्यासलाई स्थानीय सरकारसंगको  समन्वयमा संस्थागत गर्दै, उक्त समुदायको जीविकोपार्जन, खाद्य सुरक्षालाई लक्षित गरि विविध कार्यक्रम संचालनमा जोड दिईनेछ ।
- कृषि तथा वालि विमालाई साना किसान मैत्री बनाउँदै ग्रामिण किसानको पहुँच सुनिश्चितताको लागि स्थानीय सरकारको प्रत्यक्ष सहभागिता रहने गरी विमा कार्यक्रम प्रवर्द्धनका लागि सहजिकरण गरिनेछ ।
- कृषि तथा पशुपंक्षिमा देखिने रोग किरा एवं जंगली जनावरको आंतकबाट श्रृजना हुने क्षतिमा किसानलाई क्षतिपूर्तिसहितको जोखिम हस्तान्तरणको स्पष्ट ब्यवस्थाको लागि पैरवी गरिनेछ ।
- तहगत सरकारको कृषि ऐन निर्माण र त्यसमा आधारित कृषि विकासको नीति तथा कार्यक्रम निर्माणको लागि तहगत सरकारसंग पैरवी, सहकार्य एवं सहजीकरण गरिनेछ ।
- स्थानीय  सरकारहरुसंगको सहकार्यमा महासंघले विकास गरि कार्यन्वयनमा  ल्याएका कृषि नमुनाहरुको विस्तारको लागि तहगत सरकार साथै श्रोत साझेदारहरुसंगको समन्वय र सहकार्यलाई संस्थागत रुपमा अगाडि बढाउन आवश्यक छ ।
- समुदायमा आधारित सावलमा कार्यरत नागरीक जनसंगठनहरुको संयुक्त पैरवी योजना निर्माण गरी सहकार्य अगाडि बढिनेछ ।
- संस्थागत रणनीति र विकास योजनामा आधारित रहि तहगत संरचनाको सवलिकरण साथै ७५३ वटै पालिकाहरुमा महासंघको संरचनाहरु विस्तार एवं कृयाशिलतामा जोड दिईनछ ।

- कोभिड –१९ ले साना, सिमान्त, भूमिहिन, कृषि मजदुर र महिला किसानहरुलाई पारेका प्रभाव अध्ययन र विश्लेषण गरि विशेष योजनाको लागि तहगत सरकारसंग सम्बाद र पैरवी साथै श्रोत साझेदारहरुसंगको सहकार्यमा प्रतिकार्य, पुनरउत्थान एवं जीविकापार्जनका गतिविधि संचालन गरिनेछ ।
- किसानका लागि बन्ने योजना तर्जुमा प्रकृया देखि नै किसानको सहभागिता एवं कृषि संग सम्बन्धित समिति एवं नीतिगत तहमा तहगत महासंघको सस्थागत प्रतीनिधित्वको लागि पैरवि गरिनेछ ।
- प्रत्यक्ष किसान संग संरचना/संगठन जोडिएको ऐन साना, सिमान्त, भूमिहिन वर्गको प्रतिनिधीत्व गर्ने यस महासंघ लाई सरकारले श्रोत सहितको साझेदारीमा संलग्न गराउन आवश्यक छ ।

# खण्ड ग

## १. महासङ्घको संस्थागत अवस्था विश्लेषण अध्ययन नतिजा

संस्थागत विकासका विभिन्न ६ वटा क्षेत्र पहिचालन गरी १०० वटा सूचक बनाइ महासङ्घले विगत ९ वर्षदेखि सहभागितामूलक विधिद्वारा संस्थागत अवस्था विश्लेषण गर्दै आएको छ । संस्थागत क्षमता विश्लेषणपश्चात सुधार योजना बनाइ कार्यान्वयन गरिने अभ्यास कायमै छ । क्षमता विश्लेषणबाट प्राप्त वार्षिक नतिजा बढ्दै गएको छ ।

| सहभागितामूलक संस्थागत क्षमता विश्लेषण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| **वर्ष** | २०१३ | २०१४ | २०१५ | २०१६ | २०१७ | २०१८ | २०१९ | २०२० | २०२१ |
| **अङ्क** | ४०% | ५३ % | ६३ % | ७२ % | ७७.८८ % | ७८.८८ % | ८१.६८ % | ८२.१ % | ८२.३ % |

## २. महासंघको नीतिगत पैरवी छापामा स्थान

# रासायनिक मलको माग गर्दै किसानको ज्ञापनपत्र

काठमाडौं, २८ साउन (कास): रासायनिक मलको सहज आपूर्तिको माग गर्दै राष्ट्रिय कृषक समूह महासंघले देशैभरका जिल्ला प्रशासन कार्यालयमार्फत् सरकारलाई ज्ञापन पत्र बुझाएको छ । कोरोनाको कारण भन्दै समयमा मलखाद उपलब्ध नगराएको भन्दै महासंघले आपत्ती जनाएको हो । "किसानलाई समयमा मलखाद आपूर्तिको प्रत्याभूति गर्न पटक-पटक सरकारको ध्यानाकर्षण गराएका छौं तर कोरोनाको कारण भन्दै सहज आपूर्ति हुन सकेको छैन," महासंघका केन्द्रीय अध्यक्ष नवराज बस्नेतले भने, "एक दुई हप्तामा आउँछ भन्दा भन्दै महिनौं बित्यो, किसानलाई देशभरी नै मल नपाएको अवस्था आएकाले सरकारको ध्यानाकर्षण गराएका हौं ।"

चालू आर्थिक वर्षमा अनुदानको रासायनिक मल वितरण गर्न ११ अर्ब बजेट विजियोजन गरिएको छ । बजेट प्रयाप्त हुँदमा पनि खरिद तथा आपूर्तिमा ढिलाइ भएकाले समयमै मल नपाउँदा किसान निरास भएको बस्नेतले बताए ।

"विगतका वर्षमा पाएको दुःख दोहोरीने र यस वर्ष कोभिडका कारण झन् बढी सास्ती व्हहोर्नु परेको समयमा नै सरकारले समेत बेवास्ता गरेको छर्लंग हुन्छ," महासंघले पेस गरेको ज्ञापन पत्रमा भनिएको छ, "देशको अधिकांश भूभागमा धान रोपाइँ कार्य सम्पन्न भएको छ, यो वर्ष मनसुन सकृय भएकाले समयमा नै खेती त लगाए, तर धान खेतीमा चाहिने मल अभावका कारण अहिले किसान सडकसम्म आउन बाध्य भएका छन् ।"

धान तथा अन्य बालीका लागि आवश्यक पर्ने मलको उचित आपूर्ति र भण्डारण गर्नु राज्यको दायित्व भएकाले ठेक्का पाएका निकायहरु कृषि सामग्री कम्पनी, साल्ट ट्रेडिङ नै कोभिड १९ का कारण देखाउँदै मल आयात नगर्ने बहानावाजी गरिरहेका आरोप महासंघको छ । वितरण प्रणालीमा त्रुटीपूर्ण रहेकाले रसायनिक मलको सहज आपूर्ति र वितरण प्रणालीमा सुधार हुनपर्ने महासंघको माग छ ।

टीबीआई पब्लिकेसन्स प्रा लि., ४९२ मध्यमार्ग, बुद्धनगर -१० काठमाडौं, नेपाल । द नं ५६/०६६/०
TBI Publications Pvt. Ltd., 492 Madhyamarga, Buddhanaga

# कृषक समूह महासंघको ११ बुँदे घोषणापत्र

हिमालय टाइम्स
काठमाडौं, २९ भदौ

राष्ट्रिय कृषक समूह महासंघले विभिन्न ११ बुँदे घोषणापत्र जारी गरेको छ । महासंघको १० स्थापना दिवसको अवसरमा साताव्यापीरूपमा कृषि तथा किसान अधिकार अभियान सञ्चालन गरेकोमा सोमबार कार्यक्रमको समापनसँगै घोषणापत्र जारी गरेको हो ।

घोषणपत्रमा रसायनिक मल अभाव र यसको दिगो समाधानका लागि अनुसन्धानसहित योजना बनाउन सरकारसँग नियामित सम्वाद र थप पैरवी गर्ने, रसायनिक मलको विकल्पको बहसलाई थप प्रभावकारी बनाउने र दिगो कृषि प्रवर्द्धनको अभ्यास अघि बढाइने उल्लेख छ । त्यस्तै समयमै बीउबिजन उपलब्ध नहुने एवं बीउको गुणस्तरमा देखिएको समस्या समाधानका लागि स्थानीय र रैथाने बीउ संरक्षण र प्रवर्द्धनका लागि स्पष्ट योजनासहित स्थानीय तहमा बीउ उत्पादनको अभ्यास आवश्यक भएकाले महासंघको तहगत संरचनामार्फत कृषक समूह परिचालनका लागि तहगत सरकारसँग सहकार्य गर्नेछ ।

भूउपयोग ऐनको मर्मबमोजिम कृषि भूमिको खण्डीकरण र कित्ताकाट तत्काल रोक्न र प्रगतिशील भूमिसुधारको मुद्दा सम्बोधन गर्न आवश्यक नियामावली एवं निर्देशिका जारी गरी अविलम्व किसान र भूमिहीनका पक्षमा कार्यान्वयनका लागि पैरवी गर्ने, कृषि उत्पादनको बजारीकरण र उचित मूल्य निर्धारणमा देखिएको समस्याका लागि स्थानीय तहको अगुवाइमा तहगत संरचना परिचालन गर्ने, किसानको पहिचान, वर्गीकरण, परिचयपत्र र त्यसको आधारमा सेवासुविधा उपलब्ध गराउन स्थानीय सरकारलाई आवश्यक सहजीकरण गर्ने घोषणापत्रमा उल्लेख छ ।

कृषक समूहहरूले स्थानीय लेखा नम्बर अनिवार्य लिनुपर्ने व्यवस्थाका कारण कृषक समूह राज्यको सेवासुविधाबाट वञ्चित बन्न पुगेकाले यस व्यवस्था अविलम्ब खारेजी गरिनुपर्ने, स्थानीय तहमा कृषिका क्षेत्रगत विज्ञको व्यवस्था गरिनुपर्ने, कृषि तथा बाली बीमालाई साना किसानमैत्री बनाउँदै ग्रामीण किसानको पहुँच सुनिश्चितताका लागि स्थानीय सरकारको प्रत्यक्ष सहभागिता रहने गरी बीमा कार्यक्रम सञ्चालन गरिनुपर्नेमा महासंघले जोड दिएको छ ।

त्यस्तै कृषि तथा पशुपक्षीमा देखिने रोग किरा एवं जंगली जनावरको आंतकबाट हुने क्षतिमा किसानलाई क्षतिपूर्तिसहितको

कान्तिपुर | बुधबार, ७ माघ, २०७७ (Wednesday, January 20, 2021)

अर्थ वाणिज्य

# कृषिमा वैदेशिक लगानी रोक्न अल्पकालीन आदेश

सरकारले गत पुस २० मा कृषिमा वैदेशिक लगानी खुला गरेको थियो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले जारी गरेको सूचनाअनुसार औद्योगिक व्यवसाय ऐन, २०७५ ले परिभाषित गरेका ठूला उद्योगमा विदेशी लगानी खुला भएको हो ।

कान्तिपुर संवाददाता



# विपन्नलाई भोकबाट बचाउन आग्रह

काठमाडौं, जेठ १३ (नागरिक)- किसान र खाद्य अधिकारका लागि कार्यरत ४ निकायले कोरोना भाइसले विश्व नै आहत भएको परिस्थितिमा सीमान्तकृत तथा विपन्न परिवारमा तत्काल खाद्य आपूर्ति गर्न र मुलुकमा दीर्घकालीन रूपमा खाद्य अभाव हुन सक्ने सम्भावनाबाट बच्न आवश्यक पूर्व तयारीमा जुट्न आग्रह गरेका छन्। मानिस रोगलेभन्दा पनि भोकले मर्ने अवस्थामा पुगेकोतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण गराउँदै उनीहरूले यस्तो अवस्थामा जनतालाई भोकमरीबाट बचाउन तत्काल गर्नुपर्ने कामसमेत सुझाएका छन्। राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष नवराज बस्नेत, फियान नेपालका कार्यकारी निर्देशक अशोक सिंह, खाद्य अधिकारका लागि राष्ट्रिय सञ्जालका सचिवालय सदस्य विदुर सुवेदी र राष्ट्रिय भूमि अधिकार मञ्च नेपालकी अध्यक्ष सरस्वती सुब्बाद्वारा संयुक्तरूपमा जारी विज्ञप्ति मार्फत यस्तो आग्रह गरिएको हो। 'कोरोना र यसको रोकथामका लागि अनिवार्य ठानिएको लकडाउनका कारण भूमि, कृषि र खाद्य क्षेत्रमा तत्कालिन असर देखा परिसकेको छ। कृषि उत्पादन र खाद्यान्न आपूर्तिको प्रणाली छिन्नभिन्न भएको छ,' विज्ञप्तिमा भनिएको छ।

प्रदेश, जिल्ला र पालिकासम्मको आवतजावतलाई कडा गरिएका कारण डोको, डाँकी, साइकलमा तरकारी बेच्ने साना, सीमान्त किसानलाई समेत हिड्डुल गर्न प्रतिबन्ध छ। त्यसैगरी स्थानीय तहहरूसँगको समन्वयमा ज्यालादारीका मजदुर, भूमिहीन, सुकुम्वासी र सीमान्त किसानको लगत संकलन गरी खाद्यान्न सहायता र स्वास्थ सामग्री उपलब्ध गराउन पनि अपिल गरिएको छ।


सातौं सामाजिक लेखाजोखा २०७७







**प्रकाशक**


राष्ट्रिय कृषक समूह महासङ्घ, नेपाल,
राष्ट्रिय सचिवालय
पो. ब. नं. : ७०६४
इमेल : nfgfnepal@gmail.com
वेब साइट : www.nfgf.org.np
सम्पर्क नम्बर : ०१ १०५०१८, ०१ १०५०७९